# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १४८ | काठमाडौं | मंगलबार, ०१ असोज २०८१ | Prabhab National Daily | Tuesday, September 17, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**संविधानको रक्षार्थ सबै जुटौं**

- संविधान देशको मुल कानुन तथा राजनीतिक र सामाजिक सहमतिको दस्तावेज हो ।
- संविधान प्रदत्त जनताको हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो ।
- संविधानको मर्मअनुरुप निर्माण गरिएका कानुनले राज्यका निकायहरुको क्षेत्राधिकार निर्धारण गरी नागरिक अधिकारलाई रक्षा गरेको हुन्छ ।
- संविधानसँग बाझिने कानुन, नीति तथा विधिहरु अमान्य हुन्छन् ।

*"त्यसैले संविधानको पालना गर्नु सबैको कर्तव्य हो ।"*

नेपाल सरकार
विज्ञापन बोर्ड


## प्रधानन्यायाधीशमा राउत सिफारिस



**काठमाडौं (प्रस)-** संवैधानिक परिषद्ले वरिष्ठतम् न्यायाधीश प्रकाशमान सिंह राउतलाई सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा नियुक्त गर्न सिफारिस गरेको छ । परिषद्को सोमबार बसेको बैठकले राउतलाई प्रधानन्यायाधीश नियुक्तिका लागि सिफारिस गर्ने निर्णय गरेको हो । उपसभामुख इन्दिरा राना मगरले परिषद्को बैठकबाट उक्त निर्णय भएको जानकारी दिइन् ।

सर्वोच्च अदालतका वर्तमान प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठको आगामी असोज १९ गते पदावधि सकिँदै छ । न्याय परिषद्ले रिक्त प्रधानन्यायाधीश पदमा वरिष्ठतम् न्यायाधीशमध्येबाट नाम सिफारिस गरेर संवैधानिक परिषद्मा पठाएको थियो । उक्त सिफारिसका आधारमा वरिष्ठताका आधारमा राउतलाई सिफारिस गरिएको बताइएको छ ।

अब भावी प्रधानन्यायाधीश राउतको नाम अनुमोदनका लागि संघीय संसद्को संसदीय सुनुवाइ समितिमा सुनुवाइ हुने छ । समितिबाट अनुमोदन गरेपछि राष्ट्रपतिले प्रधानन्यायाधीश नियुक्त गर्ने संवैधानिक व्यवस्था रहेको छ ।

प्रधानमन्त्रीको अध्यक्षता बसेको बैठकमा प्रधानन्यायाधीश, प्रतिनिधिसभाका सभामुख, राष्ट्रियसभाका अध्यक्ष, प्रतिनिधिसभाका विपक्षी दलको नेता र प्रतिनिधिसभाका उपसभामुख सहभागी थिए । यसअघि पटक-पटक बसेको परिषद्को बैठक विनानिश्कर्ष स्थगित हुँदै आएको थियो । पछिल्लोपटक गत शुक्रबार बसेको बैठक प्रधानन्यायाधीश नियुक्ति विवादरहित बनाउन थप अध्ययन गर्ने निर्णय गरेर टुंग्याइएको थियो ।

### खोला किनारको २० मिटर विवाद

## सरकारले दर्ता गऱ्यो पुनरवलोकन निवेदन

**काठमाडौं (प्रस)–** उपत्यकाका खोला किनारसम्बन्धी सर्वोच्च अदालतले गरेको फैसलामा पुनरवलोकन गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले निवेदन दर्ता गराएको छ । सर्वोच्च अदालतका न्यायाधीशद्वय डा. आनन्दमोहन भट्टराई र विनोद शर्माको संयुक्त इजलासले २०८० पुस ३ गते गरेको फैसलामा खोला किनारबाट २० मिटर छोड्नुपर्ने र नदी किनारका सरकारी जग्गा अतिक्रमण गरी बनाइएका बस्ती हटाउन भनिएको थियो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयकातर्फबाट सचिव फणीन्द्र गौतमले महान्यायाधिवक्ताको कार्यालयमार्फत दर्ता गराइएको उक्त निवेदनमा संवैधानिक, कानुनी र व्यावहारिक समस्या सिर्जना हुने तथ्यहरू जानकारी हुन आएकाले उक्त फैसला कार्यान्वयन (क्रमशः पृष्ठ ३ मा)

### संसदीय छानबिन समितिको प्रतिवेदन

# सहकारीको बचत अपचलनमा रविसमेत जिम्मेवार ठहर





जिबी राई



रवि लामिछाने

**गोरखा मिडिया नेटवर्कका अध्यक्ष जिबी राई, तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने, सञ्चालक सदस्य कुमार रम्तेल र छविलाल जोशीलाई कारबाही गर्न सिफारिस**

**प्रतिवेदनको मुख्य अंश**

*...सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडियाको खातामा आइसकेपछि उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा संलग्न रहेको देखिन आएबाट निज सञ्चालकहरु जिबी राई र सदस्य कुमार रम्तेल तथा तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रुपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानुनबमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने ।*

- कांग्रेस उपसभापति धनराज गुरूङ पनि सहकारीको बचत अपचलनमा कागजपत्रले संलग्न देखिएकोले अनुसन्धान गर्न सिफारिस
- लामिछानेले सहकारी ठगी प्रकरणमा सफाइ पाएको रास्वपा सांसद तथा समिति सदस्य शिखिर खनालको जिकिर

> हाम्रो अध्ययनबाट गोरखा मिडिया नेटवर्कमा करिब ८५ करोड रूपैयाँ प्रवाह भएको देखियो । त्यो सबै रकम सहकारीबाट प्रवाह भएको छ ।
>
> **सूर्यबहादुर थापा**
> **सभापति, संसदीय छानबिन विशेष समिति**

**जेबी योञ्जन**

**काठमाडौं-** सहकारीको बचत अपचलन सम्बन्धमा छानबिन गर्न गठित संसदीय छानबिन विशेष समितिले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेलाई कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ । समितिले गोरखा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक छँदा विभिन्न सहकारीका बचतकर्ताको रकम नियमविपरीत खर्च गर्ने सन्दर्भमा लामिछानेलगायतका व्यक्तिहरू जिम्मेवार देखिएको निष्कर्षसहितको प्रतिवेदन सोमबार प्रतिनिधिसभामा पेस गरेको हो ।

समितिका सभापति सूर्यबहादुर थापाले सभामुख देवराज घिमिरेसमक्ष प्रतिवेदन पेस गरे । लगत्तै सभामुख घिमिरेले आवश्यक कारबाहीका लागि प्रतिवेदन सरकारलाई सिफारिस गरेका छन् ।

प्रतिवेदनमा लामिछानेसँगै गोरखा मिडिया नेटवर्कका सञ्चालकहरू गितेन्द्रबाबु (जिबी) राई, सदस्य कुमार रम्तेल र सञ्चालक छविलाल जोशी पनि सहकारीको बचत रकम अपचलनमा जिम्मेवार देखिएको भन्दै कारबाहीका लागि सिफारिस गरिएको छ ।

'सहकारी संस्थामा रहेको बचतकर्ताको रकम अनियमित तवरबाट गोरखा मिडियाको खातामा आइसकेपछि उक्त रकम खर्च गर्ने, गराउने प्रक्रियामा संलग्न रहेको देखिन आएबाट निज सञ्चालकहरू जिबी राई र सदस्य कुमार रम्तेल तथा तत्कालीन प्रबन्ध निर्देशक रवि लामिछाने र सञ्चालक छविलाल जोशी कम्पनीमा साझेदारका रूपमा बहाल रहेको अवधिमा सहकारीबाट कम्पनीमा आएको रकमको हकमा जिम्मेवार रहेको हुँदा प्रचलित कानुनबमोजिम कारबाहीका लागि नेपाल सरकारलाई सिफारिस गर्ने,' प्रतिवेदनमा उल्लेख गरिएको छ ।

सहकारी संस्थाहरूबाट गोरखा मिडियामा प्रवाह भएको ऋणको समितिले मिहीनरूपमा अध्ययन गरेको संयोजक थापाले सदनलाई जानकारी गराए । 'हाम्रो अध्ययनबाट गोरखा मिडिया नेटवर्कमा करिब ८५ करोड रूपैयाँ प्रवाह भएको देखियो । त्यो सबै रकम सहकारीबाट प्रवाह भएको छ,' थापाको भनाइ छ ।

लामिछानेले संसदीय छानबिन समितिमा उपस्थित भएर यसअघि नौ घण्टा बयान दिएका थिए । त्यसबेला उनले आफूलाई सहकारीको बचत रकम अपचलन भएको थाहा नभएको बयान दिएका थिए ।

माओवादी सांसद तथा छानबिन समिति सदस्य लेखनाथ दाहालले प्रभावसँग भने, 'साढे तीन महिना लगाएर समितिले गरेको अनुसन्धानका क्रममा सहकारी संस्थाहरूमार्फत अनधिकृतरूपमा गोरखा मिडिया प्रालिमा गएको ८५ करोड रूपैयाँ खर्च गर्ने प्रक्रियामा रवि लामिछानेको प्रत्यक्ष संलग्नता देखियो ।'

(क्रमशः पृष्ठ २ मा)

### सन्दर्भ: वैदेशिक रोजगार

## जापानले सरसफाइ क्षेत्रमा पनि नेपाली श्रमिक लैजाने

**प्रभाव संवाददाता**

- नोभेम्बर २७ देखि सीप परीक्षण
- प्लेन्टी ट्रेनिङ प्रालिको समन्वयमा परीक्षा सञ्चालन हुने
- भाषा तथा सीप परीक्षा उत्तीर्ण गरेकालाई रोजगारी अवसर
- जापानी नागरिकसरह तलबभत्ता र सेवा सुविधा

**काठमाडौं-** वैदेशिक रोजगारीका लागि आकर्षक गन्तव्य मानिएको जापानमा अब 'बिल्डिङ मेन्टिनेन्स' अन्तर्गत सरसफाइका क्षेत्रमा पनि नेपाली श्रमिकले रोजगारीको अवसर पाउने भएका छन् । नेपाल र जापान सरकारबीच भएको जिटुजी सम्झौताअनुसार 'स्पेसिफाइड स्किल वर्कर' (एसएसडब्ल्यू) अन्तर्गत अन्य क्षेत्रमाझैं अब सरसफाइ क्षेत्रमा पनि नेपाली श्रमिक जान पाउने भएको हो ।

नेपालबाट श्रमिक लैजाने तयारीका साथ जापानको भवन मर्मत संघ (जेबिएमए)ले परीक्षा सञ्चालन गर्ने भएको छ । जेबिएमएले आगामी नोभेम्बर २७ देखि २९ तारिखसम्म सीप परीक्षण (स्किल टेस्ट) सञ्चालन गर्ने जनाएको छ । नेपालमा रहेको प्लेन्टी ट्रेनिङ प्रालिको समन्वयमा परीक्षा सञ्चालन हुने बताइएको छ । यसअघि जेबिएमए र जापानको प्लेन्टी कम्पनीका प्रतिनिधिहरू नेपाल आएर श्रमिक लैजाने सन्दर्भमा परीक्षा सञ्चालनका लागि आवश्यक अध्ययन गरेर फर्किएका थिए ।

भाषा तथा सीप परीक्षा उत्तीर्ण गरेकाहरूलाई जापानको सरसफाइ क्षेत्रमा रोजगारी अवसर हुने र यसको सहजीकरण प्लेन्टी नेपालले गर्ने कम्पनीका प्रमुख कार्यकारी अधिकृत (सिइओ) ज्ञानेन्द्र भट्टले बताए । नेपालीहरूलाई एसएसडब्ल्यूको मापदण्डमा नै रहेर जापानमा रोजगारीको अवसर सिर्जना गराउन आवश्यक तयारीका साथ परीक्षा सञ्चालन गर्न लागिएको उनले जानकारी दिए । 'सरसफाइ क्षेत्र भन्नाले बाहृय क्षेत्र नभई होटल, रेस्टुरेन्ट, सुपरमार्केट, हस्पिटल अपार्टमेन्टलगायतका बिल्डिङभित्रै गरिने सरसफाइसम्बन्धी सजिलो काम हो,' भट्टले भने ।

परीक्षामा सहभागी हुन चाहनेका लागि आगामी अक्टोबरबाट आवेदन खुला हुने जनाइएको छ । जेबिएमएले सञ्चालन गर्ने परीक्षाको व्यवस्थापन प्लेन्टी नेपालले गर्ने छ । नोभेम्बरको अन्त्यमा हुने सीप परीक्षाका लागि परीक्षा केन्द्रसमेत तय भइसकेको सिइओ भट्टले बताए । परीक्षामा सहभागी हुनु पहिले आवश्यक तालिम कक्षा प्लेन्टी नेपालले सञ्चालन गर्ने छ । तालिम कक्षा अक्टोबरदेखि नै सञ्चालन हुने भट्टले बताए । यो तालिममा सहभागी हुनेले मात्रै परीक्षामा सहभागी हुन पाउने सर्त राखिएको छ । परीक्षा ६० अंकको प्रयोगात्मक र ४० अंकको लिखित गरी १०० पूर्णांकको हुने छ । उत्तीर्ण हुनका लागि ६० भन्दा माथि अंक ल्याउनुपर्ने छ । परीक्षा सरसफाइसम्बन्धी भएकाले तालिम अवधि करिब डेढ महिनाको हुने उल्लेख गरिएको छ ।

सीप परीक्षामा सहभागी हुन चाहनेको उमेर १७ वर्ष पूरा हुनुपर्ने छ । सीप परीक्षण उत्तीर्ण भई जापानी भाषाको जेएफटी (ए२) अथवा जेएलपिटी (एन४) लेभल पास गरेको हुनुपर्ने जनाइएको छ । अन्य विषयमा जापान सरकारले एसएसडब्ल्यू भिसाको व्यवस्था गरेअनुसारकै हुने छ ।

यस्तै भाषा तथा सीप परीक्षा पास गरेका व्यक्तिले जापान सरकारले तोकेअनुसारकै सेवासुविधा प्राप्त गर्ने भट्टले बताए । 'जापानमा विदेशी र स्थानीय नागरिकबीच श्रममा कुनै भेदभाव छैन,' उनले भने, 'जुनसुकै क्षेत्रमा काम गरे पनि जापानी नागरिकसरह विदेशी श्रमिकले पनि तलबभत्ता र सेवासुविधा पाउँछन्, सबै कुरा समान छ ।' त्यसैले श्रमिकले बिमा, सामाजिक सुरक्षा, तलबभत्ता, महँगी भत्तालगायत श्रमसँग सम्बन्धित सबै सुविधाको ग्यारेन्टी हुने उनको भनाइ छ ।

(क्रमशः पृष्ठ ३ मा)

## संघको भवन बनाउन प्रगतिशील मञ्चको ४७ लाख सहयोग



**काठमाडौं (प्रस)-** नेपाल वैदेशिक रोजगार व्यवसायी संघको भवन निर्माण गर्न प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले ४७ लाख रूपैयाँ सहयोग उपलब्ध गराएको छ । ३२ वर्षको इतिहास बोकेको संघसँग आफ्नो प्रशासनिक भवन नभएकोले भवन निर्माणार्थ आर्थिक सहयोग गरेको मञ्चले जनाएको छ ।

'सिंगो राष्ट्रकै अर्थतन्त्र चलायमान गराउन प्रमुख भूमिका खेलेको वैदेशिक रोजगार क्षेत्रको नेतृत्व गर्ने छाता संघले आफ्नै प्रशासनिक भवन बनाउन कार्य प्रारम्भ गरेकोमा यसलाई सफल बनाउन सहयोग गरेका हौं,' मञ्चका अध्यक्ष जनक रावलले भने, 'सम्पूर्ण व्यवसायीहरूको अपनत्त्व हुनेगरी भवन निर्माण हुने भएकाले यस अभियानमा तन, मन, वचन र कर्मले सहभागी हुन पनि आग्रह गर्दछौं ।'

मञ्चका अध्यक्ष रावलसहितको टोलीले सोमबार संघका अध्यक्ष राजेन्द्र भण्डारीलाई आर्थिक सहयोग हस्तान्तरण गरेको हो । मञ्चको सहयोगबाट संघको भवन निर्माणमा महत्त्वपूर्ण योगदान पुग्ने अध्यक्ष भण्डारीले बताए ।




पृष्ठ १ बाट क्रमशः

## सहकारीको बचत...

लामिछानेलाई उन्मुक्ति दिने स्थिति प्रमाणका आधारमा नभएको पनि बताए । 'गोरखा मिडिया प्रालिमार्फत भएका आर्थिक गतिविधिमा संलग्न भएको कारण आर्थिक अपचलनको जिम्मा रवि लामिछानेले पनि लिनुपर्ने समितिको ठहर छ,' दाहाल भन्छन् ।

समितिका अनुसार जिबिमार्फत सहकारी संस्थाहरूमा सर्वसाधारणको आठ अर्ब रूपैयाँ अपचलन भएको पाइएको छ । समितिले लामिछानेले टेलिभिजनको सेयर स्वामित्व लिने प्रक्रियामा पनि कानुन उल्लंघन गरेको दाबी गरेको छ । लामिछानेले समितिलाई दिएको बयान र प्राप्त प्रमाणका आधारमा पनि उनको कानुनी प्रक्रियामा कमजोरी देखिएको समितिका अर्की सदस्य सरिता भुसालले बताइन् ।

लामिछानेले आफूले प्रबन्ध निर्देशकको हैसियतमा गोरखा मिडियामा आएको पैसा खर्च गर्न चेक काटेको बताए । 'अझै पनि भाष्य निर्माण गर्न त्यहाँबाट गएको पैसा त्यसले चलाएको त हो नि भनेर भनिएको छ । आएको पैसा त्यहाँ आन्तरिक प्रशासन चलाउन चेक नकाटेर एमडीले के घाँस काट्ने कुरा त आउँदैन नि त । चेक नै काट्ने होला नि,' लामिछानेले भने ।

उनले समितिको प्रतिवेदनलाई लिएर असन्तुष्टि पनि जनाए । समिति सहकारी समस्या समाधानमा जानुपर्नेमा व्यक्ति केन्द्रित छानबिन गरेर राजनीतिक रोटी सेक्ने काममा लागेको टिप्पणी गरे । उनको दल रास्वपाबाट छानबिन समितिमा रहेका सांसद शिशिर खनालले भने लामिछानेले 'क्लिन चिट' पाएको दाबी गरेका छन् । सहकारीको रकम अपचलनमा लामिछानेको संलग्नता नभेटिएको उनको भनाइ छ ।

यद्यपि, गोरखा मिडियामा गएको सहकारीको रकम सम्बन्धमा तत्कालीन एमडीका रूपमा कानुनी उत्तरदायित्व भने बहन गर्नुपर्ने हुनसक्ने उनले बताए । 'सहकारीबाट पैसा लाने भूमिकामा रवि लामिछाने देखिएनन् । रवि लामिछाने संलग्न भएको प्रमाण संसदीय समितिले भेटेन । टिभीको एमडी भएर काम गर्दा कानुनी उत्तरदायित्व वहन गर्नुपर्ने छ भने वहन गर्नुपर्छ,' खनालले प्रभावसँग भने, 'सहकारीको रकम अपचलन गऱ्यो भन्ने आरोप थियो, त्यसबाट रवि लामिछानेले पूर्णरूपमा क्लिन चिट पाउनुभएको छ ।'

तर, कांग्रेस प्रवक्ता डा. प्रकाशशरण महतले लामिछानेले क्लिन चिट नपाएको बताए । गोरखा मिडिया प्रालिले ८५ करोड रूपैयाँ सहकारीबाट ल्याएको छानबिन समितिले बताइसकेको सन्दर्भमा बचत अपचलनमा उनीसमेत जिम्मेवार ठहरिँदा क्लिन चिट पाएको भनेर अर्थ्याउन नहुने महत बताउँछन् ।

उनले भने, 'गोरखा मिडिया प्रालिले ८५ करोड रूपैयाँ सहकारीबाट ल्याएको छ। अन्यबाट ल्याएको छैन भनेर सभापति सूर्य थापाले भन्नुभयो । गोरखा मिडिया नै सहकारीबाट चलेको रहेछ भनेर भनिसक्नुभयो नि, अनि कसरी क्लिन चिट पाएको हुन्छ ?'

थापाको नेतृत्वमा गत १५ जेठमा संसदीय छानबिन समिति गठन भएको थियो । समितिले काठमाडौंको स्वर्णलक्ष्मी, पोखराको सूर्यदर्शन, बुटवलको सुप्रिम, चितवनको सहारालगायत सहकारीको बचत रकम गोरखा मिडिया नेटवर्कमा गैरकानुनीरूपले आएको छानबिनबाट खुलेको पनि जनाएको छ । ती सहकारीका सञ्चालक र कर्मचारीलाई नियन्त्रणमा लिएर अनुसन्धान ल्याउन र आवश्यक कारबाहीका लागि पनि सिफारिस गरिएको छ ।

समितिले गोरखा मिडिया नेटवर्कमा सेयर खरिदबिक्री कीर्ते कागजकै आधारमा गरेको पाइएको निष्कर्ष निकालेको छ । प्रतिवेदनमा सेयर खरिदबिक्री र साधन, उपकरण खरिद गर्दा कीर्ते गरेकाले आवश्यक कानुनी प्रबन्ध गर्न सरकारलाई सिफारिस गरेको छ ।

समितिको प्रतिवेदनमार्फत देशभरका ४० वटा सहकारी संस्थाको बचत अपचलनमा प्रत्यक्ष र अप्रत्यक्ष जोडिएका व्यक्तिहरूलाई कारबाही गर्न सिफारिस गरेको छ । समितिले ५५ जनासँग सोधपुछ गरेको थियो । प्रधानमन्त्री, सहकारीसँग सरोकार राख्ने व्यक्ति तथा निकाय र पूर्वसहकारी सचिवसँग सम्वाद गरेको थियो । त्यसपछि मात्रै समितिले प्रतिवेदन तयार पारेको हो । सोही प्रतिवेदन समितिले सोमबारको प्रतिनिधिसभा बैठकमा पेस गरेको हो । उक्त प्रतिवेदन 'आवश्यक कार्यार्थ' सरकारलाई पठाउन सभामुख घिमिरेले सोमबार नै निर्देशन दिएका छन् ।

समितिले नेपाली कांग्रेसका उपसभापति तथा पूर्वमन्त्री धनराज गुरुङमाथिसमेत थप अनुसन्धान गर्न सरकारलाई सिफारिस गरेको छ । ललितपुरको मितेरी बचत तथा ऋण सरकारी संस्थाको बचत अपचलनमा उनी मुछिएका छन् । संस्थाको कागजातले उनको संलग्नता देखिएको भन्दै उनलाई अनुसन्धानको दायरामा ल्याउनुपर्ने समितिको ठहर छ ।

गुरुङकी पूर्वपत्नी व्यवस्थापक रहेको सहकारीको बचत अपचलनमा गुरुङकोसमेत संलग्नता रहेको दाबीसहित प्रहरीमा उजुरी परेको विवरण हालै सार्वजनिक भएको थियो । समितिको प्रतिवेदनमा मितेरी सहकारीबाट १२ करोड रूपैयाँभन्दा बढी गुरुङ दम्पतीले अपचलन गरेको बयान सहकारीका सञ्चालकहरूले दिएको भनिएको छ । त्यही भएर प्रतिवेदनमा समितिले उल्लेख गरेको छ, 'उहाँ (धनराज)बारे थप अनुसन्धान गर्नुपर्ने देखियो ।'

छानबिनको क्रममा धेरै बचत अपचलनको समस्या बचत तथा ऋण सहकारीमा देखिएको पनि औंल्याइएको छ । समस्याग्रस्त सहकारीहरूमा नक्कली ऋणीसमेत बनाइएको छानबिनका क्रममा पाइएको जानकारी दिए । उनका अनुसार गायक रामकृष्ण ढकालको नाममासमेत नक्कली ऋण लिएको पाइएको छ । समितिले विभिन्न ४० वटा सहकारी संस्थाहरूमा भएको बचत अपचलनमा संलग्न देखिएका कयौं व्यक्तिमाथि अनुसन्धान र कारबाही गर्न सरकारलाई सिफारिस गरेको छ । ती सहकारी संस्थाहरूबाट एक अर्ब रूपैयाँभन्दा धेरै अपचलन भएको समितिको निष्कर्ष छ ।

समितिले सहकारी संस्थाहरूको बचत सुरक्षण र नियमनबारे सुझावहरू दिएको छ । सहकारी संस्थाहरूमा बचतको सीमा तोक्ने, ५० करोड रूपैयाँभन्दा धेरै बचत भएका सहकारी संस्थाहरू स्वतः संघीय सरकारको मातहतमा रहने र त्यस्ता सहकारीको नियमन नेपाल राष्ट्र बैंकमार्फत गर्नुपर्नेलगायत छन् ।

सहकारी संस्थाहरूको नियमनका लागि हाल रहेको सहकारी विभागको सट्टा सहकारी प्राधिकरण गठन गर्न प्रतिवेदनमा सुझाव दिइएको छ । प्राधिकरणले सहकारी संस्थाहरूले प्रयोग गर्ने सफ्टवेअरमा एकरूपता र नियमन गर्नुपर्ने विषय समितिको सुझावमा समेटिएको छ ।


## तु-आवश्यकता

यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिध्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

**०१:-पि.आर.ओ (महिला/पुरुष)**
**माग संङ्ख्या:-(०५ जना)**

Qualification for PRO : Must have minimum experience of PRO 3-4 years & +2 cleared

सम्बन्धीत क्षेत्रमा ३-४ बर्षको अनुभवी अंग्रेजी राम्रोसंग बोल्न लेख्न र कम्प्युटरको ज्ञान भएको तलब : आपसी समझदारीमा

**CENTRAL CAPITAL SERVICES PVT.LTD.**
Airport, Sinamangal, Kathmandu, Nepal. Tel : +977-1-4579491/4579492
E-mail : md@centralcapitalservices.com, Web : www.centralcapitalservices.com



## बहराइनमा रोजगार

कम्पनी : ELITE FACILITY MANAGEMENT CO

पुर्व स्वीकृति मिति २०८१/०५/३१ LT No : 310881 चलानी नं. ६०२२५४३२

| सि.नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | BD | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Cleaner | 10 | 40 | 100 | ३५,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License 962/067/068
**WORLD VIEW**
International Human Resurces (Pvt.) Ltd.
P.O.Box No. 14237, Anandnagar Dhuumbarahi-4, Kathmandu, Nepal
Telephone: + 977-01-4435445, 4437446, E-mail : worldview.internationalhr@gmail.com, URL : www.worldview.com


## शिलबन्दी दरभाउ पत्रको प्रक्रियाबाट वन पैदावर लिलाम बिक्रीको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०६/०१**

यस चौकुने न सा.व.उ.स. दुधौली नगरपालिका -०३, सिन्धुलीको स्वीकृत वन व्यवस्थापन कार्ययोजना २०८०/०८१ अनुसार डिभिजन वन कार्यालय सिन्धुलीको वन पैदावर संकलन सहमति बमोजिम उत्पादित काठ दाउरा मध्ये समूहको आन्तरिक खपत भई बाकी रहेको गोलिया काठ तथा दाउराहरूलाई डिभिजन वन कार्यालय सिन्धुली (सिन्धुली माढी)को च.नं. ४७३ मिति २०८१/०५/३० को बाहिय लिलाम सहमति बमोजिम १,२,३ र ४ लट कायम गरि समूहको घाटगद्धीमा रहेको विभिन्न ग्रेडका साल जातको गोलिया थान १५२को १९०७.१६ क्यूफिट काठ तथा दाउरा ९ चट्टा हाल जे जस्तो अवस्थामा छ । सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानुपर्ने गरि लिलाम बिक्री गर्नुपर्ने भएको ले यो २१ दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत पुर्ण व्यहोराको सूचना तथा जानकारीको लागि समुदायको कार्यालयमा सूचना टाँस गरिएको छ ।

-चौकुने सा.व.उ.स
दुधौली न.पा.-०३, सिन्धुली


## साउदीमा रोजगार

कम्पनी : BRANCH OF WISON ENGINEERING LTD

पुर्व स्वीकृति मिति २०८१/03/03 पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३१ LT No : 306558 चलानी नं. ६०२२१२७०

| सि.नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | SR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Scaffolding Erector | 15 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः १०,०००


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


Govt. License 886/067/068
**FRONTLINE RECRUITMENT PVT.LTD.**
Sinamangal-9, Kathmandu, Nepal, Telephone: 01-4593645, 4593646, 4593647, Mob: 9851100134, 9818819581, 9804705263
Email: info@manpoweragencynepal.com


Government of Nepal
Ministry of Urban Development
Department of Urban Development and Building Construction
**Project Office of Urban Development and Building Construction, Dang**

## Invitation for Bids

Notice No. PUDBC/Dang/02/2081/082
**First Date of Publication: 2081/06/01 (17th September, 2024)**

1. PUDBC, Dang invites electronic bids from duly eligible and qualified registered bidders for the procurement of following works under NCB single stage single envelope bidding procedures.

| Contract No/ID | Description of Works | Estimated Amount (Including PS and Excluding VAT and Contingencies (NRs) | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) |
|---|---|---|---|---|
| PUDBC/Dang/NCB/ Works/14/2081/082 | Road Upgradation Works at Ekata Tole-Bharatpur- Chaudhary Gaun -Katuwakhola at Ghorahi Sub Metropolitian City 15, Dang | 85,62,165.84 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/15/2081/082 | Infrastructure Construction at JyotiPrakash Secondary School in Harigaaun, Sunilsmriti Rural Municipality-02, Rolpa District | 85,62,449.52 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/16/2081/082 | Road Upgradation Works in Pyuthan-Kimichaur-Godaagaaun-Dang Section of Sunilsmriti Rural Municipality-01, Rolpa District | 85,60,040.00 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/17/2081/082 | Infrastructure Construction in Godaagaun Settlement at Sunilsmriti Rural Municipality-01, Rolpa District | 85,60,691.59 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/18/2081/082 | Road Upgradation Works in Hemantpur Chwok-Dhankhanne-Dauraare-Sakraam Byarek at Tulsipur Sub-Metropolitian City-18, Dang District | 85,62,167.18 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/19/2081/082 | Road Upgradation Works from Dakshin Kurariya Daada-Bandha-Paanighat in Tulsipur Sub-Metropolitian City-15, Dang District | 85,62,212.66 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/20/2081/082 | Road Upgradation Works from Syaalpani-Sakraam of Tulsipur Sub Metropolitian City-19, Dang District | 85,59,950.61 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/21/2081/082 | Road Upgradation Works in Fusrekali-Dhodeni-Bagaale Section of Ghorahi Sub Metropolitian City-18, Dang District | 85,93,798.13 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/22/2081/082 | Road Upgradation Works from Ghorahi to Ghordaura at Ghorahi Sub Metropolitian City 18, Dang District | 85,59,716.81 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/23/2081/082 | Upgradation of Road, Footpath and Drain from Jhigaura-Swargadwari Tol-Gorkha Hospital- Milanchowk-Bhetenary Office-Sabhahall-Lakhanpark to Telecome Tinkune Chowk at Ghorahi Sub Metropolitian City, Dang District | 85,62,798.37 | 2,50,000.00 | 3,000.00 |
| PUDBC/Dang/NCB/ Works/024/2081/082 | Road Upgradation Works from Bijauri- Duruwa-Bhojpur School-Jalkundi- Mahendra Rajmarg at Tulsipur Sub Metropolitian City, Dang District | 8,562,072.81 | 2,50,000.00 | 3,000.00 |

2. All bidders must submit their bid electronically. Electronic bid must be submitted through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before 12:00 noon, on 2081/07/01 (17th October, 2024) (or as per the date adjusted by e-GP System). Further information can be obtained from ***www.bolpatra.gov.np/egp*** or from **Project Office of Urban Development and Building Construction, Dang**, Tel 082-560027, E-mail: pudbcdang@gmail.com
3. The Employer reserves the right to amend and correct at any time or to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever, before the contract.

**Project Chief**


## कतारमा रोजगार

कम्पनी : HAYATUNA FOR GENERAL CONTRACTING

पूर्व स्वीकृति मिति : २०८०/११/०८ पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३० LT. No.300183 चलानी नं. ६०२१५२०२

| सि.नं. | कामदारको पद | माग संख्या |  | मासिक तलव |  | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
|  |  | पुरुष | महिला | QR | ने.रू. |  |  |  |  |  |  |  |
| 1 | Application Manager | 0 | 1 | 6000 | २२०,५६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ |  | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 2000 | ७३,५२० |  |  |  |  |  |  |  |
| 3 | General Clean Worker | 1 | 0 | 1200 | ४४,११५ |  |  |  |  |  |  |  |
| 4 | Labour | 1 | 0 | 1200 | ४४,११५ |  |  |  |  |  |  |  |
| 5 | Technician | 1 | 0 | 1200 | ४४,११५ |  |  |  |  |  |  |  |
| 6 | Tile Maker | 1 | 0 | 1200 | ४४,११५ |  |  |  |  |  |  |  |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ७ गते (23rd Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्वरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


यो विज्ञापन LT No. 300183 मितिः २०८१/०५/३१ मा प्रकाशित हुनुपर्नेमा भूलबस छुट्न गएकोले आज प्रकाशित गरिएको व्यहोरा जानकारी गरिन्छ ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


## शिलवन्दी वोलपत्रद्वारा काठरदाउरा लिलाम विक्रीको सूचना।

**दोश्रो पटक प्रकाशित मिति २०८१।०६।०१**

उपर्यूक्त विषयमा मुग्लिङ पोखरा सडक विस्तारका क्रममा सडक मापदण्ड (पश्चिम खण्ड) भित्र परेका रुखहरु नियमानुसार कटान भई घाटगद्दी गरी राखिएका काठ/दाउरा यस कार्यालयको आ.व. ०८१।०८२ को लट नं. २ को खयर, सिसौ, वोटधरो, आँप, पाखुरी, सिमल, पिपल, चिलाउने, कटुष, कालिकाठ, गोलमोहर/गोये जातको गोलिया थान ७४३ को २४६३.६४ क्यू.फि., काठ र सोही प्रजातिका मिश्रित २०X५'X५' साईजको २३.५० चट्टा दाउरा र लट नं. ३ को साल, खयर, सिसौ, रातपाते, पिपल, चिलाउने, फलेदो, रिट्ठा, कल्की, कटुष र इमली जातको गोलिया थान ५६७ को १३१३.८१ क्यू.फि., काठ र सोही प्रजातिका मिश्रित २०X५'X५' साईजको १२.०० चट्टा दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा शिलवन्दी वोलपत्रद्वारा लिलाम विक्री गर्नु पर्ने भएकोले दोश्रो पटक १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ । विस्तृत जानकारीको लागि यस कार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

**डिभिजन वन कार्यालय, तनहुँ**
**फोन नं. ०६५५६३१३५**

## गोलिया काठ/ दाउरा लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/०६/०१**

यस खोरभन्ज्याङ्ग सा.व.उ.स. दुधौली नपा -१३ सिन्धुलीबाट आ.व. २०८०/०८१ मा उत्पादन भई समूहकै क्षेत्रमा घाटगद्दि गरी राखिएको विभिन्न लटको साल जातको गोलिया थान ६३ को ६५३.७१ क्यूफि गोलिया काठ र १ चट्टा दाउरा व्यापारिक प्रयोजनको लागि बिक्री वितरण गर्नकोलागि यो सूचना प्रकाशित गरिएको छ । काठ/दाउरा जे, जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजाने गरी वन नियमावली २०७९ (संसोधित २०८१) बमोजिम योग्य उद्योगहरूले यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको मध्यान्ह १२:०० बजे भित्र बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टांस गरिएको छ ।

**श्री खोरभन्ज्याङ्ग सा.व.उ.स. दुधौली नपा -१३ सिन्धुली**

# Bagchaur Municipality
## Office of the Municipal Executive
**Bagchaur, Salyan**
**Karnali Province, Nepal**

## *Invitation for E-Bids*

**Date of publication: 17 September, 2024**

Bagchaur Municipality invites electronic bids for the procurement of following work under National Competitive Bidding (NCB). Bid document may be downloaded from PPMO website www.bolpatra.gov.np/egp. Bidders may obtain further information at the office of Bagchaur Municipality, Office of Municipal Executive, Bagchaur Salyan (bagchaurmun.gov.np), may email on the email address( ito.bagchaurmun@gmail.com ), or may call on (9860555604, 9869517811) at the office time.

| S. N. | Contract no. | Description of work | Estimated Amount (Including VAT, contingencies and provisional Sum) | Bid Security Fee | Bid Document Fee | Last date of Bid Submission | Bid Opening date |
|---|---|---|---|---|---|---|---|
| 1 | BM-SAL-WORKS-NCB-02-2081/82 | Kotmoula Harleni Baunikhola Saradak-hola ra Tilchakhola Dobhan Hudai Jokhetakura Jodne Sadak Nirman | 1,45,78,044.37 | 3,60,000.00 | 3,000.00 | 10/17/2024 12:00 (Noon) | 10/17/2024 2:00PM |
| 2 | BM-SAL-WORKS-NCB-03-2081/82 | Serachaur Badachaur Himchaur Duwara Road Upgrade | 1,46,69,064.78 | 3,60,000.00 | 3,000.00 | 10/17/2024 12:00 (Noon) | 10/17/2024 2:00PM |
| 3 | BM-SAL-WORKS-NCB-04-2081/82 | Aadharbhut Swasthya Kendra Panichaur Bhawan Nirman | 39,64,661.33 | 96,000.00 | 3,000.00 | 10/17/2024 12:00 (Noon) | 10/17/2024 2:00PM |

***Chief Administrative Officer***

# भक्तपुरका टोलटोलमा इन्द्रजात्रा

■ रमेश गिरी

**भक्तपुर-** भक्तपुरको टोलटोलमा यम्बद्यः अर्थात् इन्द्र देवता ठड्याएर आठ दिनसम्म मनाइने इन्द्रजात्रा आइतबारदेखि सुरु भएको छ । जात्राको पहिलो दिन नगरका टोलटोलमा यम्बद्यः (देवता)का रूपमा १५-१६ फिट अग्ला लिंगोहरू ठड्याएर जात्रा सुरु गरिएको हो ।

प्रत्येक वर्ष भाद्र शुक्ल पक्ष द्वादशीको दिन स्थानीयवासीले यसलाई यम्बद्यः अर्थात् इन्द्र देवता उठाइएको भन्ने मान्यता रहेको इतिहासविद् एवं संस्कृतिविद् प्रा.डा. पुरुषोत्तमलोचन श्रेष्ठले जानकारी दिए ।

भाद्रशुक्ल त्रयोदशी अर्थात् दोस्रो दिनलाई यम्बद्यःको नित्यपूजा र आरतीबाहेक अरू विशेष पूजा नहुने हुँदा 'दिकु' (विश्राम) भनी मान्ने प्रचलन रहेको छ । भाद्रशुक्ल चतुर्दशी अर्थात् तेस्रो दिन साँझ परेपछि खौमाटोलस्थित इन्द्रायणी देवगृहबाट इन्द्रायणीलाई रथमा विराजमान गराई, 'वाचा मुकेगु' भनी आधा देश परिक्रमा गराई बाजागाजासहित धुमधामसँग जात्रा गरी सिद्धपोखरीमा लाने प्रचलन छ । यस दिन रातभरि सिद्धपोखरी अर्थात् इन्द्र दहमा देवतालाई राखेर भव्य मेला भर्ने गरिन्छ ।

भाद्रशुक्ल पूर्णिमा अर्थात् चौथो दिन भक्तपुरका बासिन्दा बिहानै सिद्ध पोखरी पुगेर 'इन्द्र दह स्नान' गर्ने गर्दछन् । यस दिन बिहानदेखि सिद्धपोखरीमा स्थानीयको भीड लाग्ने गर्दछ । त्यस दिन समय् (भोज) चढाएर, खाएर येँयापुन्ही मान्छन् । समय्बजीमा छ्वय्ला, सारां (कर्कलोको अचार), भिजाएको केराउ, काँक्रो विशेष रूपले खाने चलन छ । बेलुकी इन्द्रायणी देवीलाई पुनः रथमा विराजमान गराई बाजागाजासहित भक्तपुरको आधा देश परिक्रमा गराई देवगृह देवता भित्र्याउने गरिन्छ ।

आश्विन कृष्ण प्रतिपदा अर्थात् पाँचौं दिन नित्य पुजा र आरती गर्ने गरिन्छ । आश्विन कृष्ण द्वितीया अर्थात् छैटौं दिन इन्द्रजात्रा उत्सवका रूपमा विशेष महत्त्वका साथ सला गणेश, यामता, मुपात्र जात्रा मनाउने गरिन्छ । त्यस दिन तचपाल टोलबाट 'यामता' इन्द्रबत्ती बालेर जात्राको शुभारम्भ गरिन्छ । यहाँ दतात्रय मन्दिर सामुन्नेको विशाल चोकमा जात्रा हेर्न ठूलो भीड लाग्ने गर्दछ । साकुलान टोलका मानन्धरहरूले बाँसले बनेको त्रिशूल आकारको यामतालाई आँगनमा भैरवनाथका सामुन्नेमा राखी विधिवत् पूजा गर्ने प्रचलन छ ।

जात्राको सातौं दिन अर्थात् आश्विन कृष्ण तृतीयाका दिन चोछे टोलका छुमा गणेश र गोलमढी टोलका मानन्धरहरूले यामतासहित देश परिक्रमा गरी जात्रा मनाउँछन् । मूपात्र पनि आंगना दुईजना धिचाहरू लिएर अघिल्लो दिनमा जस्तै नगर परिक्रमा गर्दै सामुन्नेमा परेका यम्बद्यःहरूलाई खड्गले प्रहार गर्दै जात्रा मनाउने गरिन्छ । जात्राको अन्तिम दिन आश्विन कृष्ण चतुर्थीमा भैरवनाथको जात्रा, पुलुभैलद्य जात्रा, यामता जात्रा, पुलुकिसी जात्रा, मूपात्र जात्रा भव्य रूपमा मनाउने गरिन्छ ।

इन्द्रजात्राको समापनका दिन धुमधामसँग जात्रा मनाउने प्रचलन छ । यस दिनमा टौमढी टोलका भैरवनाथलाई रथमा राखी देश परिक्रमा गरी जात्रा चलाइन्छ । जात्रामा तेखाचोका मानन्धरहरूले दुईवटा यामता ल्याउने र बुलुचाहिटी सामुन्ने चखुञ्चाफल्चातिर अभिमुख गरी यामता बालेर भैरवनाथको जात्रामा सरिक हुने गरेको स्थानीय विजयप्रसाद धौभडेल बताउँछन् ।

त्यस दिन भैरवनाथको मन्दिरको भित्तामा झुन्ड्याइराखेको पुलु भैलद्यः (मान्द्रोमा चित्रित मसान भैरव)को जात्रा पनि चलाउने उनले जानकारी दिए । ठाउँठाउँमा छवाली बाल्दै नीलो पहिरनमा सेतो वर्णको पुलुकिसीको जात्रा पनि यहाँ मनाइन्छ । भैरवनाथ मन्दिरको मूलद्वारबाट खड्ग उठाएर बाहिरिँदै धिचासहित भएर मूपात्रको जात्रा चल्ने उनले जानकारी दिए ।

इतिहासविद् प्रा.डा. श्रेष्ठका अनुसार गणेश चतुर्थीका दिनमा बसुन्धराले व्रत बस्दा पूजाका लागि चाहिने 'खाइसी' (काली ज्यामिरेका जातिको एक किसिमको तीतो अमिलो फल) र पारिजातको फूल लिन उनका छोरा इन्द्र स्वर्गलोकबाट सुटुक्क पृथ्वीलोकमा झरेका थिए । उनले फलफूल चोरेको यहाँका बासिन्दाले थाहा पाएपछि उनलाई पक्रेर चोरेका फलफूलसहित सबैले देख्ने ठाउँमा (दोबाटो चौबाटो) बाँधेर राखेका थिए ।

इन्द्रजात्राको पहिलो दिन दोबाटो चौबाटोमा खडा गरिने यम्बद्यः उनै इन्द्र हुन् भन्ने मान्यता रहँदै आएको छ । इन्द्रका छोरालाई बन्दी बनाएर राखेको थाहा पाएपछि बसुन्धरा डाकिनीको भेषधारण गरी पृथ्वी आइन् र शीत र हुस्सुले वातावरणलाई छोपी कसैले नदेख्ने गरी छोरा देवराजलाई स्वर्गमा लगेको किंवदन्ती छ । छोरालाई भगाउन स्वर्गबाट ऐरावत हात्तीसमेत ल्याएकाले जात्राको अन्तिम दिन ऐरावत हात्ती अर्थात् पुलुकिसी जात्रा मनाउने प्रचलन रहेको छ ।

अर्को किंवदन्तीअनुसार स्वर्गका राजा देवराज इन्द्रकी आमा वसुन्धरालाई भाद्रशुक्ल चौथीका दिन व्रत बस्न पारिजात फूलको खाँचो पर्‍यो । इन्द्रले आफ्ना छोरा जयन्तलाई पारिजातको फूल खोज्न पृथ्वीमा पठाइन् । जयन्त पारिजातको फूल खोज्दै दैत्यको बगैंचामा प्रवेश गरे । दैत्यहरूले उनलाई देखेर पक्रेर दोबाटोमा लगेर खम्बामा बाँधेर राखे । यो कुरा इन्द्रले थाहा पाई दलबलसहित आएर दैत्यसँग लडाइँ गरे ।

लडाइँमा इन्द्रको जित भयो । दैत्यहरूले इन्द्रको सेनालाई जयन्त भएको स्थानमा लिएर गए । त्यहाँ दैत्यहरूले जयन्तलाई बाँधेको डोरी काटेर माफी मागे । त्यस क्रममा दैत्यलाई जनतामाझ सहर परिक्रमा गराइएको भन्ने विभिन्न ग्रन्थमा उल्लेख भएको आधारमा जात्रा प्रारम्भ गरिएको किंवदन्ती रहेको इतिहास तथा संस्कृतिविद् प्रा.डा. श्रेष्ठ बताउँछन् ।

जात्रामा पुलुकिसीले केही गरी मुपात्रलाई भेट्यो भने कुल्चेर मार्दा पनि हात्ती बन्ने पात्र र उनका सहयोगीलाई कुनै कानुन नलाग्ने पूर्वमान्यता रहँदै आएको छ । पुलुकिसी जात्रा नगरको आधाभन्दा बढी ठाउँमा परिक्रमा गरेपछि मात्र मुपात्र जात्रा सुरु गरिन्छ । यस दिन भक्तपुरको भैरव मन्दिरबाट मुपात्र जात्रा निकालिन्छ ।

इन्द्रजात्रा द्वापरयुगदेखि सञ्चालन भए पनि मल्लकालमा भक्तपुरका राजा जगतप्रकाश मल्लले देवीपुराण र पद्मपुराणको संकलन गरी ती पुराणका कथाका आधारमा दृश्य अनुकरण गरी जात्रा प्रचलनमा ल्याएको हो । *रासस*

पृष्ठ १ बाट क्रमशः

## सरकारले...

गर्न नसकिने प्रकृतिको हुँदा पुनरवलोकन निवेदन दर्ता गरिएको उल्लेख छ ।

'नदी/खोला किनारामा के कति तटीय क्षेत्र छोड्ने भन्ने विषय नितान्त कार्यपालिकाको कार्यक्षेत्रभित्र पर्ने विषय हो,' निवेदनमा भनिएको छ, 'यस्ता विषयमा भौगोलिक अवस्था, जनघनत्त्व, जग्गा तथा संरचना अधिग्रहण गर्दा लाग्ने अनुमानित लागत, सोबाट व्यक्ति संस्था, समुदाय, निकायलाई पर्ने प्रभाव/असरसमेतलाई मूल्यांकन, विश्लेषण गरी कार्यपालिकाले निर्णय गर्नुपर्नेमा उल्लिखित आदेश सोको प्रतिकूल छ ।'

अदालतको आदेश सधैं र सबै अवस्थामा कार्यान्वयनयोग्य हुन नसकी यस्तो विषय न्यायिक व्यवस्थापकीय मापदण्डभन्दा बाहिरसमेत पर्न आउने हुँदा अन्य स्वायत्त निकायले लिने र लिनुपर्ने नीतिगत निर्णयका विषयमा अदालतले हस्तक्षेप नगरी स्वेच्छिकरूपमा न्यायिक आत्मसंयम अपनाउन वाञ्छनीय देखिन आउँछ भन्ने सिद्धान्तविपरीत भएको निवेदनमा उल्लेख छ ।

पुनरवलोकन निवेदनमा भनिएको छ, 'आदेश सर्वोच्च अदालतबाट सन्दिप शाहसमेतविरुद्ध काठमाडौं उपत्यका नगर विकास समितिसमेत भएको मुद्दामा प्रतिपादित, राज्यले नागरिकको बसोबासको अधिकारको सकारात्मक कार्यान्वयनका लागि संविधानले नै दायित्व सिर्जना गरी राखेको अवस्थामा कुनै नागरिकले आफ्नो सामर्थ्यबाट सिर्जना गरेको बसोबाससँग सम्बन्धित साम्पत्तिको हकमा अतिक्रमण गर्ने कुरा सामान्य अवस्थामा कल्पनासमेत गर्न सकिँदैन ।'

नागरिकको मौलिक हकका रूपमा संविधानले स्थापित गरेको यस्तो अधिकार कार्यान्वयन गर्न राज्यलाई केही पूर्वतयारी आवश्यक पर्नु एउटा पक्ष हुनसक्ने भएको पुनरवलोकन निवेदनमा भनिएको छ । भइरहेको बसोबासमाथि हस्तक्षेप गरी निर्वाधरूपमा उपभोगमा असर पुर्‍याउने काममा राज्य क्रियाशील हुन नहुने भनी प्रतिपादित सिद्धान्तसमेतको प्रतिकूलमा हुँदा सो परमादेशको आदेश जारी हुने गरी भएको फैसला पुनरवलोकन गर्न भनिएको छ ।

अदालतबाट देवी महर्जनविरुद्ध सडक विभागसमेतको मुद्दामा मिति २०८० असोज २२ मा आदेश हुँदा अन्य कुराका अतिरिक्त विकास निर्माणका क्रममा विस्थापनलाई न्यूनतम गरिनुपर्ने र कमभन्दा कम व्यक्तिलाई क्षति पुग्नेगरी विकास निर्माण गरिनुपर्छ भन्ने विकल्पविहीन अवस्थामाबाहेक व्यक्तिको आवासको सुरक्षालाई असर पर्ने गरी कुनै कार्य गर्नु हुँदैन भन्ने सिद्धान्त प्रतिपादन भएको निवेदनमा उल्लेख छ ।

'संवैधानिक सीमाभित्र रही सरकारले नागरिकको हित र मुलुकको विकासका लागि स्रोत र साधनको समुचित व्यवस्थापन गर्दै क्रमश कार्यान्वयन गर्नुपर्ने विषयमा कुनै विश्लेषण नगरी, प्रभाव, असर सम्बन्धमा कुनै तथ्य, तथ्यांक पत्ता नलगाई भएको आदेश कार्यान्वयन गर्दा के कस्तो असर/प्रभाव पर्छ ?,' निवेदनमा भनिएको छ, 'के कति घर, जग्गाहरू अधिग्रहण गर्नुपर्ने हुन्छ ? यसरी अधिग्रहण गर्दा सोको क्षतिपूर्तिबापत के कति रकम आवश्यक पर्छ ? सो कार्य गर्दा त्यस क्षेत्रमा बसोवास गर्ने जनता, बैंक तथा वित्तीय संस्था तथा सरकारलाई के कस्तो प्रभाव असर पर्छ भन्ने सम्बन्धमा मिति २०८१ भदौ १६ मा गठन भएको कार्यदलले २०८१ भदौ २५ मा दिएको प्रतिवेदनबमोजिम काठमाडौं उपत्यकामा १९ वटा खोला रहेको हुनाले ती खोलाको दायाँबायाँ अदालतको आदेशबमोजिमको क्षेत्रभित्र करिब आठ हजार ३०४ घर तथा टहरा र करिब ३० हजार रोपनी जग्गा समेटिने देखिन्छ ।'

पुनरवलोकन निवदेनमा अदालतको आदेश कार्यान्वयन गर्दा यससम्बन्धी प्राविधिकबाट भएको प्रारम्भिक अध्ययनबाट उल्लिखित संरचना तथा जग्गाको मूल्यबमोजिम अधिग्रहण गर्न करिब २१ खर्ब २६ अर्ब रूपैयाँ लाग्ने, जुन रकम वर्तमान वार्षिक पुँजीगत खर्चको हिसाबले झण्डै सात वर्षको, विकास बजेट बराबर हुने अनुमान गरिएको उल्लेख छ ।

निवेदनमा उक्त क्षेत्रको घर जग्गालाई बैंक तथा वित्तीय संस्थामा धरौटी राखी धेरै व्यक्तिले कर्जा लिएको अवस्था भएको र ती बैंक तथा वित्तीय संस्थाको रकमसमेत संकटमा पर्ने, सो क्षेत्रमा बसोवास गर्ने ठूलो संख्याका जनता पुनर्वाससम्बन्धी समस्यामा पर्ने, सरकार र सम्बद्ध निकायबाट प्रचलित कानुन, मापदण्डबमोजिम स्वीकृति, मान्यता दिएकोमा पुनः फरक मापदण्डका आधारमा सोही स्थानका जमिन तथा संरचना अधिग्रहण गर्नाले राज्यप्रति तीव्र असन्तोष उत्पन्न हुनसक्ने भनिएको छ ।

■■■

## जापानले सरसफाइ...

एसएसडब्ल्यूअन्तर्गत अन्य क्षेत्रमा जान तयारी गरिरहेकाहरूलाई सरसफाइको क्षेत्रमा जान निकै सहज हुने प्लेन्टी नेपालले जनाएको छ । नेपालबाट पहिलोपटक ३०० को हाराहारीमा श्रमिक लैजाने जेबिएमएको तयारी छ । जेबिएमएसँग जापानका छ हजारभन्दा बढी यस क्षेत्रका कम्पनी संलग्न रहेको र करिब ३७ हजार रोजगारीको माग रहेको बताइएको छ । भाषा तथा सीप परीक्षा उत्तीर्ण गरेका श्रमिक आफैंले व्यक्तिगत श्रम स्वीकृति प्रक्रिया बढाउनुपर्ने बताइएको छ । यसका लागि रोजगारदातासँग जापानस्थित प्लेन्टी कम्पनीले सहजीकरण गर्ने छ

# ललितपुरमा आजदेखि इन्द्रजात्रा

**ललितपुर (प्रस)-** ललितपुर महानगरपालिका-१ मा आज मंगलबारदेखि इन्द्रजात्रा सुरु हुँदै छ । हरेक वर्षझैं यस वर्ष पनि पहिलो दिन संकटामार्ग मन्दिरपरिसरबाट भैरव, गणेश र कुमारी देवतालाई खटमा राखी टोल परिक्रममा र पूजासहित जात्रा सुरु हुने छ ।

जात्राको दोस्रो दिन लाखेनाचसहित टोल परिक्रममा गरेर पूजा आराधनासहित यस वर्षको जात्रा समापन गरिने इन्द्राजात्रा सञ्चालन उपभोक्ता समितिले जनाएको छ । मन्दिरपरिसर, मुसिंगाल चोक, ग्यास डिपो, लीलाघर, कुमारी मन्दिर, नानिचा चोक, अमर शिशु, गणेशथान प्याराडाइज, मेनपावर सर्वांग हस्पिटल, बिगमार्ट, तीनखम्बा चोक, भजनमण्डल, मुसिंगाल चोकहुँदै मन्दिर परिसरसम्म परिक्रमा रुट तोकिएको छ ।

अन्य जिल्लामा हरेक वर्ष सहकालका देवताका रूपमा रहेका इन्द्रको पूजाआराधना गरी परम्परागतरूपमा जात्रा मनाउँदै आए पनि ललितपुरमा गत वर्षदेखि जात्रा सुरु गरेको ललितपुर महानगरपालिका-१ का वडाध्यक्ष निर्मल तण्डुकारले जानकारी दिए । उनले भने, 'इन्द्राजात्रा निकै ऐतिहासिक जात्रा हो । यो बाह्रौं शताब्दीदेखि सुरु भएको किंवदन्ती छ । लतिलपुरमा भने सहकालको देवताका रूपमा मनाइने इन्द्रजात्रा ४० वर्षदेखि रोकिएको थियो । विशेषगरी नेवार समुदायले मनाउने यो जात्राको संरक्षणका लागि गत वर्षदेखि हामीले सुरुआत गरेका छौं ।'

वाद्यवादनका लागि काठमाडौं, भक्तपुर र ललितपुर गरी तीनवटै जिल्लाको बाज खलक सहभागी हुने र देवतालाई आयोजक समितिले तोकेअनुसार नौ ठाउँमा बिसाउने जनाइएको छ ।


## साउदीमा रोजगार

कम्पनी : Saif Karim Bin Saket Al Saadi General Contracting Est

पूर्व स्वीकृति मिति : २०८१/०५/३१ | LT. No. 310627 | चलानी नं. ६०२२५४०४

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Labors | 1 | 0 | 1500 | ५३,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

## साउदीमा रोजगार

कम्पनी : GOOD HOLIDAYS COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०५/२५ | LT. No. 310560 | चलानी नं.६०२२५४०३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Helper | 4 | 0 | 1200 | ४२,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

Gandaki Gurkhas Pvt. Ltd. (श्रम ईजाजत नं. ६३०/०६३/०६४)
New Baneshwor ktm, Nepal, Tel: +977-1-4115065, 4115067, Fax: 977-1-4115024

## MAURITIUS मा रोजगार

कम्पनी : D.L.B CONSTRUCTION & CO LTD

पूर्व स्वीकृति मिति : २०८०/०६/२३ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३१ | LT. No.: 293869 | चलानी नं. :६०२०९३२५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | MUR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Telehander Operator | 2 | 0 | 16665 | ४८,७२० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Steel Fixer | 20 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 3 | Palco Fixer | 12 | 0 | 16665 | ४८,७२० | | | | | | | |
| 4 | Carpenter | 35 | 0 | 16665 | ४८,७२० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
युनिभर्सल टेक्निकल इन्स्टिट्युट एण्ड ओरियन्टेसन सेन्टर, वार्ड नं.३, कपन मार्ग, काठमाडौंमा मिति: २०८१ असोज ८ र १० गते (24 & 26 Sep. 2024) मा हुनेछ ।
मुनाल ट्रेनिङ सेन्टर, इटहरी ४, सुनसरीमा मिति: २०८१ असोज ९ गते (25 Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

GRACE OVERSEAS PVT. LTD. (Govt. License 852/066/067)
Chappalkarkhana-04, Kathmandu, Nepal, Tel : +977-01-4526853, Mobile: 9851086232, 985-2071785
Email: infograceoverseas@gmail.com, Web: www.graceoverseas.com.np

## युएईमा रोजगार

कम्पनी : MOUNT GPORKHA SECURITY SERVICES LLC
शहर : Dubai

पूर्व स्वीकृति मिति : २०८१/०५/३१ | LT. No. 310872 | चलानी नं.६०२२५४१३

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guard | 6 | 0 | 1200 | ४३,८६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

HEAVEN OVERSEAS PVT. LTD. (Govt. License No. 377/059/60)
Sinamangal, Sambhumarg, Kathmandu, Nepal, Tel: 01-4215944, Mob: 981-0089233, E-mail : infoheaven789@gmail.com

## युएईमा रोजगार

कम्पनी : PROWORKS RECRUITMENT SERVICES
शहर : Delma St. (Airport Rd). Abu Dh

पूर्व स्वीकृति मिति : २०८१/०५/३१ | LT. No. 310813 | चलानी नं.६०२२५४०५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | labour | 100 | 0 | 800 | २९,२४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।

कम्पनी : SCHROEDER PROJEKT ELECTROMECHANIC-LLC

पूर्व स्वीकृति मिति २०८०/१०/०५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३१ | LT. No. : 298464 | चलानी नं.: ६०२१३३८८

| सि.नं. | कामदारको पद | पुरुष | महिला | AED | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician | 50 | 0 | 1200 | ४३,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Plumber | 50 | 0 | 1200 | ४३,३१० | | | | | | | |

अन्तरवार्ता हुने स्थान:
रूपन्देही, सिद्धार्थनगर, सिद्धार्थ भोकेसनल स्किल्स अपग्रेडेशन एकेडेमी, भैरहवामा मिति: २०८१ असोज ९ गते (25th Sep. 2024) मा हुनेछ ।
सुनसरी, कस्तुरी प्रा.लि., इटहरी शाखामा मिति: २०८१ असोज १० गते (26th Sep. 2024) मा हुनेछ ।
झापा, बिर्तामोड, सिपि होटलमा मिति: २०८१ असोज ११ गते (27th Sep. 2024) मा हुनेछ ।
सम्पर्क: भैरहवा- ९७०२६२४७३२, इटहरी- ९८५११६४३४४, ९८२४३८७४८०, बिर्तामोड- ९८५२६७३९०५, ९८२४०४७५९१

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

Kasturi International Service Pvt. Ltd. (Govt. License 128/055/56)
Baluwatar, Maharajgunj, Kathmandu, Nepal, Tel: +97714539647, +97714541458
E-mail:-kasturi128@hotmail.com. Web: www.kasturiint.com

## साउदीमा रोजगार

कम्पनी : ABDAL HUMAN RESOURCE COMPANY, a closed joint stock company
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८०/१२/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३१ | LT. No. 302108 | चलानी नं. ६०२१६९९५

| सि.नं. | कामदारको पद | पुरुष | महिला | SR | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 9 | 0 | 1400 | ४९,२४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Loading And Unloading Worker | 17 | 0 | 1000 | ३५,२३५ | | | | | | | |
| 3 | Office Facility Cleaning Worker | 6 | 0 | 1000 | ३५,२३५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: १०,०००

Pigeon International Overseas Pvt. Ltd (श्रम ईजाजत नं. ३६४/०५९/०६०)
Tokha-10, Samakhushi, Kathmandu, Nepal, Tel: +977-1-4958977, 4983277
E-mail: info@pigeoninternational.com.np, Website www.pigeoninternational.com.np

## बहराइन/कुवेतमा रोजगारको अवसर Free Visa!! Free Ticket!!

कम्पनी : THE ART HOTEL & RESORT W.L.L.

पूर्व स्वीकृति मिति २०७९/११/०८ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३१ | LT. No. 281303 | चलानी नं. ६०१८५७३०

| सि.नं. | कामदारको पद | पुरुष | महिला | BHD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bar Tender | 5 | 0 | 183 | ६४,९३० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Beech Attendant/ Recreation Attendant | 10 | 0 | 135 | ४७,९०० | | | | | | | |
| 3 | Commis 1 | 5 | 5 | 180 | ६३,८६५ | | | | | | | |
| 4 | Commis 2 | 5 | 0 | 160 | ५६,७७० | | | | | | | |
| 5 | Commis 3 | 10 | 10 | 135 | ४७,९०० | | | | | | | |
| 6 | Hostess | 0 | 5 | 154 | ५४,६४० | | | | | | | |
| 7 | Housekeeping Attendant/ Room Attendant | 10 | 10 | 130 | ४६,१२५ | | | | | | | |
| 8 | Kitchen Steward | 5 | 0 | 130 | ४६,१२५ | | | | | | | |
| 9 | Laundry Attendant | 5 | 0 | 130 | ४६,१२५ | | | | | | | |
| 10 | Life Guard | 5 | 5 | 189 | ६७,०६० | | | | | | | |
| 11 | Waiter/waitress | 10 | 10 | 140 | ४९,६७५ | | | | | | | |

कम्पनी : GRAND HYATT KUWAIT (SPIRIT REAL-ESTATE DEVELOPMENT CO.)

पूर्व स्वीकृति मिति २०७९/१०/१५ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०५/३१ | LT. No. 299027 | चलानी नं. ६०२१४०४७

| सि.नं. | कामदारको पद | पुरुष | महिला | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Barista | 5 | 5 | 220 | ९५,०१० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Commis Chef | 5 | 5 | 200 | ८६,३७५ | | | | | | | |
| 3 | Housekeeping Attendants | 5 | 5 | 140 | ६०,४६० | | | | | | | |
| 4 | Waiter/waitress | 10 | 10 | 160 | ७०,००० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले | सेवा शुल्क: निःशुल्क

VISION & VALUE OVERSEAS PVT. LTD. (श्रम ईजाजत नं. ८२२/०६६/०६७)
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com



## मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्था लि.
Mega Dream Multipurpose Co-Operative Ltd.

प्रधान कार्यालय: बालाजु-१६, माछापोखरी, काठमाडौं, फोन नं. ०१-४३८७६१५, ४३८७६१६
सदस्य सेवा केन्द्र: कालिमाटी, काठमाडौं, फोन नं. ०१-४२०३३३८ ४६७१२७३ | चाबहिल, काठमाडौं, फोन नं. ०१-४४६८१९५, ४४८२२११ | न्युरोड, काठमाडौं, फोन नं. ०१-४२४०५४९ | गोकर्णेश्वर, नारायणटार, काठमाडौं, फोन नं. ०१-४९११२०२, ४९१८१०३

### धितोमा रहेको सम्पती लिलाम सम्बन्धि १५ दिने सार्वजनिक सूचना

प्रकाशित मिति : २०८१/०६/०१ गते

यस संस्थाको तपसिलमा उल्लेखित ऋणी सदस्यहरूले संस्थाबाट लिएको कर्जाको सावाँ, ब्याज, हर्जाना समेत बुझाउन पटक-पटक मौखिक तथा लिखित रूपमा तारताकेता गर्दा समेत ऋण रकमको सावाँ, ब्याज, हर्जाना चुक्ता गर्न तर्फ चासो नदेखाई वेवास्ता गरेको तथा प्रभाव दैनिक National Daily मा मिति २०८१ श्रावण २६ गते ३५ दिने सार्वजनिक सूचना जारी गर्दा समेत कर्जा भुक्तानी गर्ने तर्फ कुनै ध्यान नदिएकाले धितो सुरक्षणमा रहेको तपशिलमा उल्लेखित अचल सम्पत्तिहरू लिलाम बिक्रीको लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । उक्त समय सिमा भित्र कर्जाको साँवा, व्याज, हर्जाना समेत नतिरे नबुझाएमा ऋणी सदस्य, धितो सुरक्षण मञ्जुरी दिने, जमानत दिने व्यक्ति तथा सम्बन्धित पक्षलाई कर्जा सूचना केन्द्रको कालो सुचीमा राखिने र संस्थालाई धितो बन्धक दिएको चल अचल श्रीसम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९ र ८३, सहकारी नियमावली २०७५ को नियम ३० बमोजिम धितो लिलाम तथा सकार कार्यविधी २०७८ का साथै अन्य प्रचलित कर्जा असुली कार्यविधी अनुसार देहाय बमोजिमको धितोमा रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने १५ दिने सूचना प्रकाशित मितिले १६औं दिनमा लिलाम बिक्री गरिने व्यहोरा तपसिलमा उल्लेखित ऋणी तथा सम्बन्धित सबैको जानकारीको लागि यसै सूचनाद्वारा सुचित गरिन्छ । यस संस्थाले लिनु पर्ने असुल नभएमा ऋणीलाई कालो सुचीमा राखी निजको अन्य चल-अचल श्रीसम्पत्ति जायजेथाबाट असुल उपर गरिने छ ।

| ऋणीको नाम थर ठेगाना | धितोमा रहेको सम्पत्तिको विवरण |
|---|---|
| ऋणीको नामः मणि कुमार श्रेष्ठ<br>बाबुको नामः भक्त बहादुर श्रेष्ठ<br>बाजेको नामः नर बहादुर श्रेष्ठ<br>पत्नीः अस्मिता श्रेष्ठ<br>स्थायी ठेगानाः गाविस कुन्चोक वडा नं. २ सिन्धुपाल्चोक<br>नागरिकता नः १९८७१/१०४४७०, सिन्धुपाल्चोक<br>जारी मितिः २०५८/०१/०९ | जिल्ला भक्तपुर सुडाल गाविस वडा नं.३ (ङ) साबिक कित्ता नं.११९६ को हालको कित्ता नं.१२७० को क्षे.फ.०-४-१-० (रोपनी), १३५.११ व.मि.रहेको छ । |

१. यो सूचना प्रकाशित भएको मितिले १६औं दिनमा, सो दिन बिदा परेमा त्यसको भोलिपल्ट का.जि. कामपा-१६ बालाजु, माछापोखरी, काठमाडौंस्थित मेगा ड्रिम बहुउद्देश्यीय सहकारी संस्थाको कार्यालयमा दिउँसो १:०० बजे डाँक बढाबढ मार्फत धितो लिलाम बिक्री गरिनेछ ।
२. धितोमा रहेको जग्गाको पञ्चकृत मूल्य कायम गरि सो मूल्यबाट डांक बढाबढ शुरु हुनेछ । डाँक बढी कबुल गर्ने व्यक्ति/संस्थाको नाममा लिलाम बिक्री स्वीकृत गरिनेछ ।
३. कुनै पनि अवस्थामा लिलाम प्रकृया रद्द गर्ने सम्पूर्ण अधिकार संस्थामा सुरक्षित रहनेछ ।
४. लिलाम बिक्री हुने सम्पतीको धितोको कागजात तथा अन्य आवश्यक जानकारी चाहिएमा सम्बन्धित व्यक्तिरसंस्थाले कार्यालय समय भित्र यस संस्थामा सम्पर्क राखि बुझ्न सकिनेछ ।
५. सहकारी ऐन २०७४, सहकारी नियमावली २०७५, संस्थाको विनियमावली २०६४, तथा संस्थाको कर्जा निर्देशिका अनुसार लिलाम सकार हुन नसकेमा वा डांक बढाबढ गरेको रकम संस्थालाई चित्त नबुझेमा सहकारी नियमावली २०७५ को नियम ३५ बमोजिम संस्थाले आफै धितो सकार गरि स्वामित्व आफूमा लिन सक्नेछ ।
६. लिलाम बिक्रीको कार्य सम्पन्न हुनासाथ लिलाम बिक्री सकार गर्ने व्यक्तिले कबोल गरेको मूल्यको १०% रकम धरौटी वापत संस्थालाई बुझाउनु पर्नेछ । बांकी ९०% रकम लिलाम सकार गरेको मितिले ७ दिन भित्र बुझाउनु पर्नेछ । सो म्याद भित्र बांकी रकम नबुझाएमा धरौटी वापत बुझाएको रकम जफत हुनेछ ।
७. लिलाम सकार गरेको सम्पत्तिको हक हस्तान्तरण गर्दा लाग्ने शुल्क, दस्तुर, पुंजिगत लाभकर तथा अन्य दैदस्तुर लिलाम सकार गर्न व्यक्तिले स्वयंले नै व्यहोर्नु पर्नेछ ।
८. लिलाम बिक्री बोलपत्र फारम रु. १,०००/-(एक हजार मात्र) (फिर्ता नहुने गरि) यस संस्थाको प्रधान कार्यालय, का.जि. कामपा-१६ बालाजु, माछापोखरी, काठमाडौं बाट प्राप्त गर्न सकिनेछ ।

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## प्रतिवेदन कार्यान्वयनमा आलटाल नगरियोस्

नेपाली कांग्रेसको जोडबलमा गठन भएको थियो सहकारीको बचत अपचलन सम्बन्धमा संसदीय छानबिन विशेष समिति । तत्कालीन प्रमुख प्रतिपक्षी दल कांग्रेसले समिति गठनका लागि लगातार संसद् अवरुद्ध पारेको थियो। सुरुमा संसदीय समिति गठन गर्न अनिच्छुक थियो तत्कालीन सत्ता साझेदार दल नेकपा एमाले। सोही विषयमा कांग्रेस–एमालेबीच जुहारी नै चलेको थियो। तर, तत्कालीन गृहमन्त्री रवि लामिछानेलाई लक्षित गरेर कांग्रेसले समिति गठनका लागि अडान छाडेन । र, अन्ततः सत्तारुढ दल समिति गठन गर्न सहमत भयो। एमाले सांसद सूर्यबहादुर थापाको सभापतित्वमा संसदीय छानबिन विशेष समिति बन्यो । समितिलाई तीन महिनाको कार्यभार दिइयो। तर, पछि १५ दिनको समय थप गरियो।

समितिले सोमबार प्रतिवेदन संसद्मा पेस गरेको छ। समितिका सभापति थापाबाट प्राप्त प्रतिवेदनमाथि आवश्यक कारबाहीका लागि सभामुखले सरकारलाई तत्कालै सिफारिस गरेका छन् । समितिले कस्तो प्रतिवेदन ल्याउला भन्ने प्रतीक्षाको विषय थियो । विशेषगरी सहकारीको बचत अपचलनमा संलग्न रहेको आरोप लागेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति एवं पूर्वगृहमन्त्री लामिछानेलाई ‘क्लिन चिट’ दिने हो कि भन्ने आशंका थियो । तर, समितिले लामिछानेलाई पनि उक्त प्रकरणमा जिम्मेवार ठहर गर्दै कारबाही गर्न सिफारिस गरेको छ ।

समितिले गोरखा मिडिया नेटवर्क प्रालिको प्रबन्ध निर्देशक छँदा विभिन्न सहकारीका बचतकर्ताको रकम नियमविपरीत खर्च गर्ने सन्दर्भमा लामिछानेलगायतका व्यक्तिहरू जिम्मेवार देखिएको निष्कर्ष निकालेको हो। प्रतिवेदनमा लामिछानेसँगै गोरखा मिडिया नेटवर्कका सञ्चालकहरू गितेन्द्रबाबु (जिबी) राई, सदस्य कुमार रम्तेल र सञ्चालक छविलाल जोशी पनि सहकारीको बचत रकम अपचलनमा जिम्मेवार देखिएको भन्दै कारबाहीका लागि सिफारिस गरिएको छ । यद्यपि, रास्वपा नेताहरूले भने लामिछानेले ‘क्लिन चिट’ पाएको दाबी गरिरहेका छन् ।

तर्क र दाबी आ–आफ्नो अनुकूलतामा गर्नु स्वाभाविक हो। छानबिन समितिले लामिछानेसहितलाई सहकारीको बचत अपचलनमा जिम्मेवार ठहर गरिसकेको छ । उनीहरूमाथि प्रस्टरूपमा कारबाहीको सिफारिस गरिएको हुँदा थप व्याख्या गरिरहनुको औचित्य देखिँदैन। त्यसैले समितिले जो–जति व्यक्तिहरूलाई कारबाहीका लागि सिफारिस गरेको छ, उनीहरूमाथि सरकारले तत्काल कारबाहीको प्रक्रिया अगाडि बढाउनुपर्छ । दलहरूकै सहमतिमा गठित संसदीय छानबिन विशेष समितिको प्रतिवेदनलाई अक्षरश कार्यान्वयन गर्नुको विकल्प छैन । प्रतिवेदन कार्यान्वयनमा सरकारले खुट्टा नकमाओस् ।

मनन्योग्य

### चाणक्य नीति

पहिलो प्राथमिकता उनीहरूको हो, तर पनि प्रतिभाको तिरस्कारचाहिँ होइन, कुलपतिजी तिम्रा प्रतिभाले प्रभावित भएमा तिम्रो प्रवेश निश्चित छ, म पनि यसमा धेरै प्रयास गर्नेछु, बिहानै कुलपतिलाई भेटौंला, विश्राम गर । ‘विष्णुगुप्त ! म विहान घुम्न निस्कन्छु, म चाहन्छु तिमी पनि हिंड, कुलपतिजी पनि सधै निस्कनुहुन्छ, त्यही भेट हुन्छ । यसरी आचार्यको आज्ञा पाउनुभन्दा अगाडि विष्णुगुप्तले आफ्नो नित्यकर्म पूरा गरी आँगन सम्पूर्ण सफा गरिसकेका थिए। अनि आचार्यसँग विष्णुगुप्त भ्रमणमा निस्किए। नही किनारमा कुलपतिसँग भेट भयो ।

नजिकै आइपुगेपछि विष्णुगुप्तले साष्टाङ्ग दण्डवत गरेर पाठको धूलो निधारमा लगाए। आचार्यसँग कुलपतिको वार्तापछि जिज्ञासु दृष्टिले विष्णुगुप्ततिर हेरे । पुण्डरीकक्षले जवाफ दिनुभन्दा पहिले विष्णुगुप्तले भने- ‘आफ्नो असीम जिज्ञासा शान्त गर्न यो अनाथ विष्णुगुप्त आचार्य पुण्डरीकाक्षमार्फत हजुरका शरणमा आएको छ । यस्तो स्पष्ट र ओजस्वी उत्तर पाएर कुलपतिले आर्शीवाद दिँदै भने- ‘योग्यजस्ता छौ, कहाँबाट आयो ?’

पुण्डरीकाक्षले भने- ‘यी बालक ज्ञान आर्जन गर्न मगध देशबाट आएका हुन् । यिनको बुद्धिको प्रशंसा मेरा एक मित्रले चिठीमा गरेका छन सामान्य व्यक्तिले धेरै प्रयत्न गर्दा पनि नपाउने ज्ञान यिनले पाएका छन् यस्ता कुरा सुनी कुलपतिले अभिभूत भएर भने बिहानै विद्यालय आउन विश्वविद्यालयलाई तिमीजस्तो प्रतिभावान्को आवश्यकता छ । कसरी विष्णुगुप्तले पुण्डरीकाक्ष र कुलपतिका कृपाले विश्वविद्यालयमा प्रवेश पाए ।

समय बित्दै गयो, धेरै वसन्त आए गए । कति पात झरे, पलाए । पूरा निष्ठा र लगनले अध्ययन गर्न लागे विष्णुगुप्त । अध्ययन गर्दै जाँदा पारे समयमा नै उनको बुद्धिमत्ताका कारण सहपाठीहरूमा र आचार्यका दृष्टिमा आफ्नो स्थान उच्च बनाए। पढाउँदा पनि गुरुले विष्णुगुप्तको उपमा दिएर पढाउन लागे । क्रमशः

# लोकसंस्कृतिको अभिन्न अंग इन्द्रजात्रा



■ राममणि सिटौला

वास्तवमा लोकमा चल्ने इन्द्रजात्राझैं उत्सव, जात्राहरु समाजको प्राचीन रुपलाई चियाउने आँखीझ्याल हो । यसले इतिहासलाई प्रतिविम्बका रुपमा प्रस्तुत गर्छ । यस्ता संस्कृतिमा सामान्य जनताको दृष्टिकोणलाई ध्यानमा राखेर ऐतिहासिक घटनाको वर्णन गरिएको हुन्छ । हाम्रो समाजको ढाँचा, प्रथा, परम्परा, रीतिरिवाज आदि यस्ता जात्रामार्फत बुझ्न सकिन्छ । यस्ता संस्कृतिले एकताको भावनालाई मजबुत बनाउँछ, सामाजिक दूरीलाई निकट ल्याउने काम गर्छ । जब हामी यस्ता जात्रामा भाग लिन्छौं, तब हामीभित्र भावनात्मक सन्तुष्टि र खुसीको सञ्चार हुन थाल्छ । इन्द्रजात्राजस्ता संस्कृतिले सामाजिक एकताका लागि एउटा धागोको काम गर्दै आएको छ ।

संसारका मोहनजोदाडो, हरप्पा, सिन्धु, गंगा, रोम आदि सभ्यता नदीकै किनारामा विकास भएका छन् । हाम्रो देशमा पनि गण्डकी, कोसी, कर्णालीलगायत कयौं सभ्यता नदीका किनारमा भएका छन् । बागमती सभ्यता नदीका किनारमा विकास भएको हाम्रो प्रमुख सभ्यता हो । सभ्यता भनेको मानवको बाहय प्रवृत्तिमूलक प्रेरणाले जे विकास भएको छ, त्यही हो । त्यसको अन्तर्मुखी प्रवृत्तिले जे विकास हुन्छ, त्यो संस्कृति हो ।

बागमती सभ्यताभित्र विकास भएको प्रमुख लोकसंस्कृतिमा इन्द्रजात्रा पनि पर्छ। संस्कृति ब्रह्मझैं अवर्णनीय हुन्छ, व्यापक तत्त्वबोध गराउने खालको हुन्छ, जीवनको विविध प्रवृत्तिसँग सम्बन्धित हुन्छ । त्यसलाई लोकले अपनाएको हुन्छ। लोक भनेको ती सर्वसाधारण जन हुन् जसको व्यक्तिगत पहिचान नभएर सामूहिक हुन्छ । यी सबैको मिलिजुली संस्कृति नै लोकसंस्कृतिका रूपमा कहलिएको हुन्छ । बाहिरबाट झट्ट हेर्दा लोकमानसका अलग-अलग रहनसहन, खानपान, वेशभूषा हुन्छ तर ती सबैलाई लोकसंस्कृतिरूपी एउटा धागाले मालाका रूपमा उनिरहेको हुन्छ । इन्द्रजात्रा यस्तै प्रकारको लोकसंस्कृतिको एक अंग हो ।

‘इन्द्र’ शब्द लोकको जिब्रोमा झुन्डिएको छ । ‘इन्द्र’ फूलहरूमा इन्द्रकमलका रूपमा चिनिन्छन् । यसबारेमा त लोकगीत नै छ, ‘इन्द्रकमल फूलको हजुर बोटै मरिगयो, चल्नै छाडयो बासना,’ ‘यो नानीको शिरैमा इन्द्रकमल फूल फुल्यो, मगमग चल्यो बासना’ आदि । तलाउमा मकवानपुर, मार्खुस्थित इन्द्रसरोवर चर्चित छ। वर्षात्मा इन्द्रधनुष र इन्द्रेणीका रूपमा उनकै नाम जोडिएर आउँछ।

ऋग्वेदमा ‘इन्द्र’ लाई शक्तिशाली देवताका रूपमा बताइएको छ। उनले मानवताको विकास र कल्याणका निम्ति अनेकौं कार्य गरेको उल्लेख छ । नदीलाई दिशा प्रदान गरेर, पर्वतबाट निस्किएका जलका धारालाई नियन्त्रण गर्दै नदी-समुद्रलाई व्यवस्थित गर्ने काम ‘इन्द्र’ ले नै गरेका थिए । ऋतुअनुसार बादल, बिजुली, वर्षात्, हुस्सु, कुहिरो आदिलाई व्यवस्थित तरिकाले मानव जातिमा सञ्चार गर्नमा पनि उनकै योगदान छ भनिन्छ । वैदिक युगमा ‘इन्द्र’ सर्वश्रेष्ठ देवता मानिन्थे । ‘इन्द्र’ को व्यक्तित्त्वलाई लिएर मानिसमा एउटा भ्रान्ति छ। इन्द्रको स्थिति सधैं संदिग्ध छ ।

वैदिककालबाट आजसम्म आइपुग्दा ‘इन्द्र’ बारे धेरै कथा सामुन्ने आइपुगेका छन् जसले उनी कुनै व्यक्ति नभएर पदवी हो भन्ने प्रस्ट पार्छ । ‘पुराण’ कथाको चौधौं मन्वन्तरमा यज्न, विपस्यति, शिवि, ऋतुधाम, देवास्पति, शुचि, पुरन्दर, अदभुत शान्ति, वाली आदि १४ अलग-अलग ‘इन्द्र’ का बारेमा वर्णन गरिएको पाइन्छ। ‘पद्म पुराण’ मा एक श्रापबाट मुक्त हुनका निम्ति हजारौं वर्ष तपस्या गर्न जाँदा धर्तीका प्रतापी राजा नहुषलाई स्वर्गमा बोलाएर ‘इन्द्र’ को पदवी दिइएको उल्लेख छ ।

सबै ‘इन्द्र’ को छवि नकारात्मक मात्र छैन । जसले आफू जीवित छँदै अश्वमेध, राजसूय यज्ञ गर्न सक्छ, ऊ नै ‘इन्द्र’ पदको अधिकारी हुन्छ। सनातन धर्ममा अरू देवीदेवताझैं इन्द्रको मूर्ति बनाएर पूजा गर्ने परम्परा नभए पनि देवराज ‘इन्द्र’ सनातन धर्मका अभिन्न अंग हुन् । सांकेतिकरूपमा भन्नुपर्दा जसले इन्द्रीयलाई जित्न सक्यो, त्यसले ‘इन्द्र’ पद पायो, जसले इन्द्रीयलाई वशमा राख्न सकेन, ‘इन्द्र’ पदबाट च्युत भयो ।

काठमाडौं, भक्तपुर, ललितपुर आदि स्थानमा नेवार जातिमा प्रचलित इन्द्रजात्रा पनि उनै देवराज ‘इन्द्र’ मा समर्पित उत्सव, आराधना र जात्रा हो । इन्द्रजात्रामा नेवार जातिले सहकालका देवता इन्द्रको पूजा आराधना गरेर मनाउने गरेको पाइन्छ। यो जात्राको उद्गमस्थल भनेको १२औं शताब्दीमा बनेको अनेकौं मठमन्दिरले सजिएको हनुमानढोका क्षेत्र हो। जब यस क्षेत्रमा लिंगो ठडयाएर इन्द्रध्वज स्थापना गरिन्छ, तब इन्द्रजात्रा प्रारम्भ भएको मानिन्छ।

इन्द्रजात्राबारे लोककिंवदन्ती यस्तो छ- जब ‘इन्द्र’की आमा बसुन्धरालाई विशेष पूजाका निम्ति पारिजात फूलको आवश्यकता पऱ्यो, उनी स्वर्गलोकबाट ऐरावत हात्तीमा पृथ्वीलोकमा आए । उनी मानव रूप धारण गरेर यहाँको बगैंचाबाट पारिजातको फूल टिप्न थाले । फूल टिप्न लाग्दा उनलाई चोर भनेर समातियो र बाँधियो। त्यतिखेर ‘इन्द्र’ मानव रूपमा थिए, उनलाई ‘इन्द्र’ भनेर मानिसले चिनेका थिएनन् । ‘इन्द्र’ बाँधिएको थाहा पाएपछि उनकी आमा बन्धनबाट मुक्त गर्न आइन् । उनले आफ्ना छोरा ‘इन्द्र’ भएको रहस्य खोलिन् । जब मानिसले ‘इन्द्र’ भन्ने थाहा पाए, तब पछुतोमा डुबे । काठमाडौंमा शीत र कुहिरो लगाइदिने वाचा गर्दै ‘इन्द्र’ बन्धन मुक्त भएर स्वर्ग गए । कुहिरो र शीतले गर्दा आर्द्रता पाएर समयमा नै धानबाली पाक्न थाल्यो। त्यही दिनबाट इन्द्रजात्रा मनाउन थालियो ।

इन्द्रजात्रामा जुन इन्द्रध्वजोत्थान गरिन्छ यसबारेमा ‘महाभारत,’ ‘हरिवंशपुराण,’ ‘कालिका पुराण,’ ‘देवी पुराण’ आदिमा उल्लेख छ । प्राचीनकालमा देवता र दैत्य ठूलो युद्धको तयारीमा लागे। त्रिदेव, सम्पूर्ण देवगण मिलेर ‘इन्द्र’लाई विजयी गराउनलाई ध्वजा बनाएर त्यसको पूजा गर्दै इन्द्रलाई हस्तान्तरण गरे। इन्द्रले समातेकाले त्यसलाई इन्द्रध्वज भनियो। देवता र दानवका युद्धमा ‘इन्द्र’ ले विजय प्राप्त गरेपछि इन्द्रध्वज पूजाले निरन्तरता पायो । देवराज इन्द्रले उक्त ध्वजा पृथ्वीका राजा उपरिचर वसुलाई दिएपछि उनले सहजै विजय हासिल गरेको उल्लेख छ । यही खुसीयालीमा इन्द्रध्वज स्थापना गरेर यो पर्व मनाउन थालिएको हो भन्ने पनि लोकविश्वास छ ।

भाद्र शुक्ल द्वादशीका दिन हनुमानढोका अगाडि इन्द्रध्वजसहितको लिंगो ठडयाएपछि विधिवत्‌रूपमा यो जात्रा प्रारम्भ हुन्छ । जात्रा विभिन्न प्रकारको नाचगान, रथयात्रा, देवीदेवताको पूजा गरी लगातार आठ दिनसम्म मनाइन्छ । यस जात्रामा काटिने रुख भनेको काभ्रेपलाञ्चोकको उग्रचण्डी नालामा तान्त्रिक विधिद्वारा छाडिएको बोकाले छोएको रुख हो । हनुमान ढोकाको कालभैरवको मूर्ति अगाडि विधिवत् पूजाआजा गरेपछि जात्राको चहलपहल सुरु हुन्छ । लिंगामा नेपाल भाषामा मंगलसूचकका विभिन्न चिह्नांकित पताका झुन्डयाइन्छ। लिंगाको फेदमा ऐरावत हात्तीमा चढेका सुनको जलप लगाइएको इन्द्रको प्रतिमा राखेर पूजा गरिन्छ ।

यतिखेर नेपाली सेनाको ब्यान्ड, गुर्जुको पल्टन र पञ्चैबाजाद्वारा मंगलधुन बजाइन्छ। हनुमानढोका दरबार क्षेत्रमा अवस्थित श्वेत भैरवको मन्दिर सर्वसाधारणका लागि दर्शन र पूजाका निम्ति खुला गरिन्छ । इन्द्रजात्रा सुरु भएपछि जीवित देवी कुमारी, गणेश र भैरवको रथयात्रा गर्ने प्रचलन पनि छ। रथ तान्ने परम्परा काठमाडौंका अन्तिम मल्ल राजा जयप्रकाश मल्लले चलाएको भन्ने इतिहासमा उल्लेख छ ।

आठ दिनसम्म चल्ने यस जात्रामा भक्कुनालचोकको सबभकुमा भक्तपुरको महाकाली नाच देखाइन्छ भने दशावतार तथा ‘इन्द्र’ को प्रतीकका रूपमा किलागलमा पुलुकिसी नाच देखाइन्छ । यतिखेर दहचोकको इन्द्रदहमा पनि दर्शनार्थीको घुइँचो लाग्छ । शदियौंदेखि रातभर जाग्राम बसेर सो दहमा स्नान गर्ने परम्परा छ। वास्तवमा इन्द्रजात्रा सनातन धर्मकै विभिन्न देवीदेवताको उत्सव, जात्रा हो । यतिखेर कुमारी घर अगाडि त्रिलोक नारायणको मन्दिरमा विष्णुले लिएको १० अवतारहरू देखाइन्छ । वर्षभरि दिवंगत भएका आत्माको सुखावती भुवनमा बास होस् भन्ने कामना गर्दै, दियो दान गर्दै, धरणी स्तोत्र पाठ गर्दै सहर परिक्रमा गरिन्छ । विक्रम संवत् ३८८ मा राजा मानदेवले राजमाता राज्यवतीको पुण्य बढोस् भनेर निर्माण गरेको तिलगंगामा रहेको विष्णु विक्रान्तको मूर्तिमा पूजार्चना गरिन्छ, दियो दान गरिन्छ ।

इन्द्रजात्राको प्रमुख आकर्षण भनेको समयबजी हो। यतिखेर नेवार समुदायमा समयबजी खाने परम्परा छ। अन्तिम दिन नानिचायः भन्दै वसन्तपुरदेखि प्याफल, किलागल, नरदेवी, असन, इन्द्रचोक, वसन्तपुरमा ल्याएर बेलुकाको साइतमा लिंगो ढालेपछि विधिवत् रूपमा इन्द्रजात्रा समापन हुन्छ।

वास्तवमा लोकमा चल्ने इन्द्रजात्राझैं उत्सव, जात्राहरू समाजको प्राचीन रूपलाई चियाउने आँखीझ्याल हो। यसले इतिहासलाई प्रतिविम्बका रूपमा प्रस्तुत गर्छ । यस्ता संस्कृतिमा सामान्य जनताको दृष्टिकोणलाई ध्यानमा राखेर ऐतिहासिक घटनाको वर्णन गरिएको हुन्छ । हाम्रो समाजको ढाँचा, प्रथा, परम्परा, रीतिरिवाज आदि यस्ता जात्रामार्फत बुझ्न सकिन्छ । यस्ता संस्कृतिले एकताको भावनालाई मजबुत बनाउँछ, सामाजिक दूरीलाई निकट ल्याउने काम गर्छ। जब हामी यस्ता जात्रामा भाग लिन्छौं, तब हामीभित्र भावनात्मक सन्तुष्टि र खुसीको सञ्चार हुन थाल्छ । इन्द्रजात्राजस्ता संस्कृतिले सामाजिक एकताका लागि एउटा धागोको काम गर्दै आएको छ । यसले समाजको तानाबाना बुन्दै सांस्कृतिक विविधता, राष्ट्रिय एकताको भावनालाई पनि प्रश्रय दिएको छ। *रासस*

*(लेखक लोकसंस्कृतिका जानकार हुन्)*




# डल्ले ‘डन’, सहकारीको पैसामा मन

हिजोसम्म डल्ले कालुले गाउँमा चिनिने काले आजकल डल्लेभन्दा सहकारी ‘डन’ भएर चिनिन थालेको रैछ । हरि काकाले मास्टरीको जागिर सकिएपछि आको उपदानलाई डल्ले कालुले चलाको सहकारीमा डयाम्मै ब्याज आउने भनेर राख्या रैछन् ।

हरि काकाले ब्याज डयाम्मै आउनेगरी राख्या उपदानको पैसा । अहिले डल्ले कालुका लागि अनुदानजस्तै भएछ । काकाले पोहोर दसैंमै टीका लगाउन आउनेहरूका लागि दक्षिणा भन्दै सहकारीमा गएर पैसा मागे पनि पाउन सकेनन् । डल्ले पहिले त सीधा सोझो मान्छे थियो । त्यही भएर धेरैले विश्वास गरेर उसले चलाको सहकारीमा धेरैले आफूले कमाएको, पेन्सन पाको, घरजग्गा बेचेको पैसा उही डल्लेकैमा राख्ने गर्दथे ।

तर, समयले डल्लेलाई ‘डन’ बनाइदियो । गाउँको त्यही सोझो डल्ले अहिले सहकारीको डन बनेको छ । सहकारी डन डल्ले गाउँमा मात्र होइन संसद्मासमेत चर्चा पाउन थालेपछि हरि काका अक्क न बक्क परेका छन्। ३० वर्ष घोक्रो सुक्नेगरी कराएर आको उपदान डल्लेले तीन महिनामै अनुदानजस्तै बनाइदिएपछि हरि काका प्रजातन्त्र ल्याउन २०४६ सालमा आन्दोलनमा उत्रिएजस्तै आफ्नै पैसा फिर्ता पाउँ भन्दै सडकमा आइपुगेका छन् ।

ऊ बेला काकाले प्रजातन्त्र आएपछि जनताको हक अधिकार सुनिश्चित हुन्छ भनेर कक्षाकोठामा पढाका । तर, आफैंले पढाको विद्यार्थीले विचरा हरि काकाको चिल्ल न बिल्ल बनाइदिए छ। आफैंले पढाको विद्यार्थी डल्ले सोझै थियो । यसरी डन नै बन्ला भन्ने के थाहा र ! हरि काका आजकल चिया पसलमा विरह पोख्न थालेका छन् ।

थोपा-थोपा संकलन गरेर सहकारीमा राख्ने र त्यही सहकारीबाट पैसा निकालेर उत्पादन गरी भकारी बनाउने योजना बनाएका धेरै हरि काकाहरूको अहिले कन्तविजोग भएको छ । दुई-तीनवटा दसैं कटे । फेरि दसैं आउन लागिसक्यो तर डल्ले कालुको सहकारीका सदस्यहरूलाई भने दसैं हैन दशा नै पो सुरु भाको छ ।

‘लोभले लाभ, लाभले विलाप’ भन्थे, त्यस्तै बनाइदियो डल्लेले ! डल्ले त सहकारीको डन अरे । उसले सहकारीमा राखेको पैसा जति खाए पनि तिर्नु नपर्ने रे ! बरू हल्लाखल्ला गरेरै भए पनि पैसा पचाउने दाउमा बस्या छ भन्छन् डल्लेका प्रशंसक ।

गाउँमा ढिडो खान पनि मुस्किल थियो डल्ले कालुलाई। सहकारीमा दाउ राखेपछि उनले त अहिले सरकारी मान्छेलाई भोज भतेर गराउँछन् रे ! ठीकै छ, भाग्यमा त्यस्तै ल्याए छ डल्लेले ! राम्रै भो । कति दुःख पाओस् । एउटा न एउटा बन्नैपऱ्यो । डल्ले कालु बन्यो, को भो र ? हरि काका हेरिरहन्छन् ।

हुन पनि डल्ले कालुले आफ्नै मास्टर हरि काकाजस्तालाई त मूर्ख बनाउन सक्यो भने अरूलाई किन नसकोस् ! विदेशका कुरा गर्ने चाहिनेभन्दा धेरै थुतुनो चलाउनेलाई समेत भ्याए छ । थुतुनो चलाको जस्तो सहकारीको दाममा अन्य काम चलाउन पनि त गाह्रो छ नि ! त्यत्तिकै कहाँ टिकिएला र ?

सहकारीको दाममा मस्त गर्न पल्केको डल्ले डनका पनि डन रैछन् । चार जना जुट्ने कार्डपत्ति फिट्ने । जनताले जोगाइराख्ने डल्लेहरू त्यसलाई घुमाइघुमाइ आफ्नै बाउको अंश बाँडयाजस्तो स्वास्नी, छोराछोरी सालासाली सबैको नाममा यता नि लगाउने उता नि लगाउने ।

ऋण पनि आफैं लिने । सावाँ पनि त्यहीबाट तिर्ने क्या काइदाको सहकारी चलाको हो डल्ले कालुले । खोपडी लगाउन त निकै जान्या रै छ नि । हुँदाहुँदा त्यही सहकारीको पैसाले अरुलाई साहु बनाउन पनि भ्याउने डल्लेका दिमाग ।

कहाँको सहकारी कहाँको भकारी ! भकारी सम्झेर हरि काकाले डल्लेको सहकारीमा राख्या उपदान न यता न उता । ‘आकासको फल, आँखा तरी मर’ भनेजस्तै भो । त्यही भएर पो हरि काका जुत्तै नलगाइकन सडकमा ओर्लिएका रैछन् ।

ब्याज धेरै खाने लोभमा हरि काका आफू त डल्लेको चंगुलमा परे परे । आफन्त, इष्टमित्र सबलाई डल्ले कालुको चंगुलमा पारिदिए छन् । हजार हो र ! लाख पनि होइन, करोडौं नै पुगे छ नि । विचरा ! हरि काका आफू त फसेफसे अरुलाई सहयोग गर्दा उल्टै फसे ।

हरि काका सहकारीका पीडित हुन् । तर, उनको घर घेर्न अरू पीडित पुगे छन् । उनैले भनेर डल्ले कालुको सहकारीमा पैसा राखेकाहरू अहिले डल्लेको सहकारीभन्दा पनि डल्लेको सहकारीमा पैसा राख्न भन्ने हरि काकालाई पो घेर्न पुगे छन् ।

ल काका, तिमीले नै भनेर हामीले डल्लेको सहकारीमा पैसा राख्या हो । डल्ले कहाँ भाग्यो भाग्यो, अब ब्याज भन्या यस्तै हो हाम्रो सावाँ जसरी पनि फिर्ता गरिदेऊ । विचरा काका ! कसरी फिर्ता गर्न सक्लान् र, आफ्नै पैसा त फिर्ता पाको छैन । तीन दसैं गइसकेको नयाँ नोट देख्न नपाएको अब कहाँबाट तिनका पैसा फिर्ता गर्नु ?

डल्ले डन भइसक्यो । पहिले पो काकाका आफन्त इष्टमित्रसँग भाको पैसा देख्याथ्यो । ऱ्याल काढेको थियो । पैसा सहकारीका नाममा राख्न लगाएर आफूअनुकूल प्रयोग गर्न पाएपछि डल्लेले न काका चिन्दछ । न त काकाका आफन्त नै ।

सहकारीको धनमा मन गाडिएपछि धनको पिरमले डल्लेलाई डन बनाइसक्यो । हरि काकालाई हरिकंगाल बनाइदिई सक्यो । प्रजातन्त्र पाउन ऊ बेला सडकाँ उत्रेका काका, अहिले आफ्नै उपदान खाइदियो भन्दै सहकारीको डन डल्लेलाई समाऊ-समाऊ भन्दै गुहार माग्न सडकमा आइसके। यो भन्दा बढी प्रगति गर्नुचाहिँ के छ र हो !

सरकार छ भने हरि काकाहरूलाई हरिकंगाल हुनबाट जोगाउन सक्नुपर्छ । डल्लेहरूलाई डल्ले डन हुनबाट बचाउनुपर्छ । डन त छँदै छन् सिंहदबारभित्र । उनैले डण्डी उचाल्छन् डनलाई पछार्छन् भन्ने कुरा त एकादेशको कथामात्र हो । अहिले त सिंहदरबार नै डनहरूले पछार्छन् । सहकारीको धनमाथि डनहरूको मन लागे पनि कन्तविजोग नै कन्तविजोग !



**विश्वकर्मा बाबाका मूर्ति** | विश्वकर्मा पूजालाई लक्षित गर्दै सिरहाको लहान नगरपालिका–५ मा बिक्रीका लागि राखिएका माटोबाट बनेका विश्वकर्मा बाबाका मूर्तिहरू ।


*तस्बिरः सुदिप राउत/रासस*

# पुलको पिलर भत्किएपछि आवतजावतमा समस्या

**पर्सा (प्रस)**- पर्साको ग्रामीण भेगसँग जोड्ने वीरगञ्ज महानगरपालिका र बहुदरमाई नगरपालिकाको सीमानामा रहेको तिलावे पुल क्षतिग्रस्त हुँदा सर्वसाधारणलाई आवतजावतमा गर्न समस्या भएको छ । जिल्लामा आएको वर्षात्को पानीको बहावले तिलावे पुलको फाउण्डेसनसँगै रहेको स्पान(पिलर)लाई क्षतिग्रस्त बनाएपछि पुल जोखिमयुक्त बनेको हो ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख मनोज पटेलले तिलावे पुलको फाउण्डेसनसँगै रहेको स्पान भत्किएसँगै सवारीसाधन चलाउन नमिल्ने अवस्थामा पुगेको बताए । 'पहिलादेखि नै तिलावे पुल जीर्ण अवस्थामा थियो । अहिले पुलको फाउण्डेसनसँगै रहेको पिलरमा चिरा परेर भत्किने अवस्थामा छ,' उनले भने, 'तिलावे पुलबाट हुने आवतजावतलाई पूर्णरूपमा रोक लगाइएको छ । सरोकारवाला निकाय सिँचाइ विभाग र सडक विभागलाई पनि मौखिकरूपमा जानकारी गराइसकेका छौं ।' प्रमुख पटेलले गण्डक नहरसँगै ५० वर्षअघि यो पुलको संरचना निर्माण गरिएको बताए ।

सडक सुधार तथा विकास योजना बाराका प्रमुख विनोद साहले उक्त खण्डको सडक स्तरोन्नति आफूले गरे पनि पुल निर्माणको जिम्मेवारी भने नरहेको स्पष्ट पारे । 'तिलावे पुल भत्किएको विषयमा सडक विभाग मातहतको पुल महाशाखालाई आवश्यक जानकारी गराउने तयारीमा छौं,' उनले भने, 'सडक विभागबाट आवश्यक बजेट आएको खण्डमा भत्किएको पुलको निर्माण अघि बढाउनेछौं ।' उनले बाराको सिम्रनगढदेखि पर्सा जिल्लाको अन्तिम बिन्दुसम्म करिब



५९ किलोमिटर सडक स्तरोन्नति अघि बढाएको बताए ।

नारायणी सिँचाइ व्यवस्थापन कार्यालयका प्रमुख पटेलले वर्षौंदेखिको जीर्ण पुल भएकाले पनि मर्मतसम्भारभन्दा पनि नयाँ पुल निर्माण गर्दा राम्रो हुने बताए । 'स्पान भत्किएकाले पनि नयाँ निर्माण आवश्यक छ,' उनले भने, 'पुल महाशाखासँग प्रविधि र जनशक्ति दुवै भएकाले पनि मर्मतसम्भार गरेर पनि चलाउन सक्ला कि भन्ने लाग्दछ ।'

# अव्यवस्थित ग्रामीण सडकले बिगाऱ्यो गाउँको सुन्दरता

**ढोरपाटन (बागलुङ)**- स्थानीय तह स्थापना हुनुपूर्व बागलुङका अधिकांश गाउँमा सडकको पहुँच पुगेको थिएन । तर, अहिले सडक नपुगेको बस्ती नै छैनन् । गाउँ-गाउँसम्म सडक पुगेपछि नागरिकलाई सुविधा त दिएको छ, तर अव्यवस्थितरूपमा निर्माण भएका मोटर बाटोले कयौंलाई उठिबाससमेत लगाएको छ । बर्सेनि जिल्लाका १० वटै स्थानीय तहले सडक निर्माणका लागि करोडौं रकम विनियोजन गर्दै आएका छन् । अग्ला-अग्ला पहाडको शिरमा रहेका बस्तीसम्म सडक पुऱ्याउँदा त्यसले पर्यावरणमा पर्ने असरका बारेमा भने कसैको ध्यान पुग्न सकेको छैन ।

स्थानीय तहले हिउँदका समयमा धमाधम सडक निर्माण गर्छन् । बर्खाको समय ती सडक बाढी र पहिरोले बगाउँदा ठूलो क्षति पुऱ्याउँदै आएको छ । गत साउन २२ गते बडिगाड गाउँपालिका-९ र १० का विभिन्न स्थानमा आएको बाढीपहिरोले ११ जनाको निधन भयो । धेरै मानिस घाइते भए । करिब ८० घर विस्थापित हुनुपरेको छ । गाउँमा पहिरो आउनु अव्यवस्थित सडक निर्माण भएको धेरैले आकलन गरेका छन् । बडिगाडमात्र नभएर निसीखोला गाउँपालिका-१ को हुल्दी गाउँ नै सात वर्ष अगाडिदेखि पहिरोको उच्च जोखिममा परेको छ । गाउँको अवस्था नबुझी जथाभावी सडक निर्माण गर्दा पहिरोले सिंगो गाउँले जोखिम मोलेर बस्नुपर्ने अवस्था छ ।

जिल्लाको ढोरपाटन, जैमिनी, गलकोट, बागलुङ नगरपालिका, काठेखोला,



तमानखोलासहित सबै पालिकामा यस वर्ष पहिरोले ठूलो क्षति गरेको छ । पहिरोले क्षति पुऱ्याएको अधिकांश स्थान मोटर बाटोको छेउछाउ रहेका छन् । विनाइञ्जिनियरिङ निर्माण भएका सडकले गाउँघरको सुन्दरतालाई कुरूप बनाउनुका साथै पर्यावरणमा पनि नकरात्मक असर पुऱ्याएको छ । अव्यवस्थित सडक निर्माण हुँदा पानीका मुहान सुक्ने र मौलिक सम्पदा मासिने गरेको गलकोटका प्रेमबहादुर खत्रीले बताए । हिउँदमा करोडौं लगानी गरेर सडक निर्माण गर्ने तर बर्खामा सञ्चालन हुन नसक्ने उनको भनाइ छ ।

खत्रीले भने, 'धेरैजसो स्थानीय तहले सबैभन्दा बढी बजेट सडक निर्माण खर्च गर्छन्, ती सडक गुणस्तरीय बन्न सकेका छैनन्, अझ गाउँमा निर्माण भएका सडक त विनाइञ्जिनियरिङ खनिएका छन्, बर्खामा गाउँबाट बजार झर्नुपऱ्यो भने हिँड्नुपर्छ, सबै सडक बन्द हुन्छन्, हिउँदमा मात्र चल्ने बर्खामा नचल्ने धेरै सडक अव्यवस्थित छन् ।'

तमानखोलाका मकरबहादुर सिर्पालीले दुई-चार घर भएको ठाउँमा स्थानीय सरकारले लाखौं रकम खर्च गरेर सडक पुऱ्याउने गरेको भन्दै त्यसले फाइदाभन्दा बढी बेफाइदा गरेको बताए । पालिकाभित्र करिब ५० भन्दा बढी सडक भएको तर बर्खामा कुनैमा पनि गाडी नचल्दा नागरिकले सास्ती खेप्नुपरेको उनले गुनासो पोखे । उपभोक्ता समितिमार्फत निर्माण भएका धेरै सडक विनानापजाँच खनिएको हुँदा गाडी गुड्ने मोडिने घुम्तीसमेत नमिलेको हुने उनको भनाइ छ ।

गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले ग्रामीण सडकलाई व्यवस्थित बनाउन थालेको बताए । वि.सं. २०७३ अगाडि नै नगरपालिकाभित्र ३३० किलोमिटर ग्रामीण सडक निर्माण भएको र नगरपालिकाको स्थापनादेखि हालसम्म सात वर्षमा १५७ किलोमिटर नयाँ सडक निर्माण भएको भन्दै ती सबै सडकलाई व्यवस्थित बनाउन थालेको उनको भनाइ छ । नगरपालिकाभर नयाँ तथा पुराना गरी ४८७ किलोमिटर ग्रामीण सडक रहेको हुँदा नयाँ ट्र्याक खोल्न बन्द गरी पुरानालाई स्तरोन्नति गर्ने उनी बताउँछन् ।

'जिल्लामा धेरै ठाउँ अव्यवस्थित सडक निर्माण गरियो, धेरै सडक बनाइयो भनेर गुनासो बढेको छ, तर हामीहरूले नागरिकको आवश्यकतालाई मध्यनजर गरी सडक निर्माण गरेका छौं, गलकोट क्षेत्रमा धेरै वर्ष अगाडिदेखि नै सडक खुल्न थालेका थिए, नगरपालिका स्थापना भएर जनप्रतिनिधि आएपछि सुरुका वर्षदेखि सडकमा लगानी पनि गरिएको थियो,' प्रवक्ता भण्डारीले भने, 'अब करिब-करिब धेरै बस्तीमा सडक पुगिसकेको हुँदा नयाँ ट्र्याक नखोल्ने योजना बनाएका छौं, अतिआवश्यक परेका ठाउँमा ट्र्याक खोल्नै परे खोलिने छ नत्र स्तरोन्नतिमा ध्यान दिनेछौं ।' *रासस*


## सडक डिभिजन ललितपुर

**बोलपत्र आह्वानको सूचना**

प्रकाशन मितिः २०८१/०६/०१

यस डिभिजनबाट निर्माण कार्यको लागि IFB No. 03-RDLTP/081/82 को बोलपत्र आह्वानको सूचना सार्वजनिक खरिद अनुगमन कार्यालय (PPMO) को Website bolpatra.gov.np/egp मा प्रकाशित गरिएकोले उक्त वेभसाइट हेर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

डिभिजन प्रमुख



## कुशे गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

थर्पु भार्मा, जाजरकोट
कर्णाली प्रदेश, नेपाल

**करार सेवामा पदपुर्ति गर्ने सम्बन्धी सूचना**

(प्रथम पटक सूचना प्रकाशित मितिः २०८१/०६/०१)

यस कुशे गाउँपलिकामा तपशिलको १ (एक) पद संख्यामा खुला प्रतिस्पर्धाबाट सेवा करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजस्व तिरेको रसिद सहित यस पालिकामा दरखास्तको लागि निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | संख्या |
|---|---|---|---|
| १ | १।०८१।८२ | सूचना प्रविधि (IT Officer) | १ जना |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**
लोकसेवा आयोगले लिने कम्प्यूटर अधिकृत पदको न्यूनतम योग्यता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट Computer वा Information and Communications technologies वा सो सरहको विषयहरु मध्ये कुनै एक विषय लिई स्नातक (BIT, BIM, BBIS, BCA, BCIS, BEIT, Bsc.IT, Bsc.CSIT, BE, Electtronics and Communications Engineering/ BTech, Electronics and Communication Engineering) उतीर्ण गरेको हुनुपर्ने ।
**२) दरखास्त दिने स्थानः** कुशे गाउँपालिकाको कार्यालय ।
**३) दरखास्त दिने अन्तिम मितिः** २०८१/०६/१५
**४) उमेरदवारको उमेर हदः** २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको(महिलाको हकमा २१ वर्ष पुराभई ४० वर्ष ननाघेको हुनुपर्ने)
**५) आवेदनको दस्तुर** : रु १,०००/- (एक हजार मात्र)
**६) छनौटको किसिमः** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित परीक्षा तथा मौखिक र प्रयोगात्मक परीक्षा
**७) आवेदनका साथ संलग्न कागजातहरुः** आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु
क) नागरिकता ख) न्युनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र घ) अनुभव भए सोको कागजात
ग) चारित्रिक प्रमाण पत्र ङ) २ प्रति पासपोर्ट फोटो
**८) सेवा सुविधा तथा अन्यः** नियममा तोकिएबमोजिम हुनेछ ।
**९)** दरखास्त फाराम गाउँपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिने छ ।

*थप जानकारीको लागि कार्यालयमा सम्पर्क गर्नुहोला ।*

प्रमुख प्रशासकीय अधिकृत



## युएईमा रोजगार

कम्पनी : ISAM KABBANI AND PARTNERS FOR CONSTRUCTIONS AND MAINTENANCE CO. L.L.C. DUBAI BRANCH

पूर्व स्वीकृति मिति : २०८१/०५/३०
LT. No. 310862
चलानी नं. ६०२२५३९४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 2 | 0 | 900 | ३२,८९५ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Electricians - Gcc Exp. | 5 | 0 | 1200 | ४३,८६० | | | | | | | |
| 3 | Insulation Labor | 3 | 0 | 1200 | ४३,८६० | | | | | | | |
| 4 | Painter (Building/wall) | 4 | 0 | 1200 | ४३,८६० | | | | | | | |
| 5 | Painter Assistant | 23 | 0 | 1000 | ३६,५५० | | | | | | | |
| 6 | Spray Painters | 1 | 0 | 1200 | ४३,८६० | | | | | | | |
| 7 | Stone Mason | 7 | 0 | 1200 | ४३,८६० | | | | | | | |
| 8 | Tile Layer | 1 | 0 | 1200 | ४३,८६० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ०८ गते (24th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | कामदार आफैंले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क/-

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

PREMIUM HR
Govt. License 1631/080/081

**PREMIUM HUMAN RESOURCE**
Samakhusi-3, Kathmandu, Tel: 5917815, 5917814, 9851230753
Email: hr@premiumhr.com.np, Web: www.premiumhr.com.np



## साउदीमा रोजगार

कम्पनी : Madar International Transport Corporation
शहर : Riyadh

पूर्व स्वीकृति मिति २०८१/०५/२८
LT. No. 310808
चलानी नं.६०२२५३९८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver With Long- Trailer | 3 | 0 | 1800 | ६४,६०० | श्र.नि.अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि.अनुसार | छ | छ | २ वर्ष |
| 2 | Helper | 1 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**RECENT JOB PLACEMENT PVT. LTD**
Tokha Municipality-05, Basundhara-8, Kathmandu Tel: +977-1-4390467,4355536
Email: recentjobplacement@gmail.com.np, Website: www.recentjobplacement.com

श्रम ईजाजत नं. १३१८/७४/७५



## Shuklaphanta Municipality
## Jhalaari, Kanchanpur

Sudurpaschim Pradesh
Office of Municipal Executive

**Invitation for Bids**

*(First Date of Publication: 2081/06/1 (2024/09/17))*

| Contract ID | Project Description | Estimated Amount (Without VAT) | Bid Bond Security, 120 days Validity (NRs) | Date and Time of Bid Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|
| SMP/081-82/ NCB/IR/07 | Collection of Internal Revenue from Extraction of Construction Materials from Gaudi Khola ward no 8 in Shuklaphanta Municipality | 10156307.24 | 507815.36 | 2081/07/1 (2024-Oct-17) 12:00 PM | 2081/07/1 (2024-Oct-17) 1:00 PM |
| SMP/081-82/ NCB/IR/08 | Collection of Internal Revenue from Extraction of Construction Materials from Anaukhi khola ward no 8 in Shuklaphanta Municipality | 6586388.76 | 329319.44 | 2081/07/1 (2024-Oct-17) 12:00 PM | 2081/07/1 (2024-Oct-17) 1:00 PM |

**Cost of bidding document: Rs.3000 should be deposited at:**

- Name of the Bank: Everest bank ltd, Jhalari branch, Kanchanpur
- Name of Account: GA-1.1 AANTARIK RAJASWA KHATA
- Office Account No.: 05910106200002
- Revenue Code:14529

- Name of the Bank: Everest bank ltd, Jhalaari branch, Kanchanpur
- Name of Account: GA-3 STHANIYA TAHA DHARAUTI KHATA
- Office Account No.: 05910106200016

# प्रभाव दैनिक

रूपशाला

मंगलबार, ०१ असोज २०८१ (Tuesday, September 17, 2024)


### 'कल्ली'मा सौगात मल्ल अनुबन्धित

रेड बर्ड प्रोडक्शन र कस्तुरी प्रोडक्शनको ब्यानरमा निर्माण हुने फिल्म 'कल्ली'मा अभिनेता सौगात मल्ल अनुबन्धित भएका छन् । फिल्ममा सौगातको भूमिका कस्तो हुने भन्ने निर्माण पक्षले केही खुलाएको छैन । निर्माता किरण नेपालीको प्रस्तुतिमा तयार हुन लागेको फिल्ममा लक्ष्मण सुनारको कथा तथा निर्देशन रहनेछ । लक्ष्मण निर्देशित फिल्म 'बुलाकी' प्रदर्शनमा आइसकेको छ । फिल्ममा महेश दवाडीको पटकथा तथा संवाद छ । फिल्मका निर्माण प्रमुख सुरज आचार्य हुन् ।



## इन्फा अवार्डमा भुवन केसीलाई 'लाइफटाइम अचिभमेन्ट' अवार्ड



■ प्रभाव संवाददाता

**काठमाडौं–** अभिनेता तथा चलचित्र विकास बोर्डका पूर्व अध्यक्ष भुवन केसी 'लाइफटाइम अचिभमेन्ट' बाट सम्मानित भएका छन् । लन्डनमा आयोजित 'यति इन्टर नेसनल नेपाली फिल्म अवार्ड २०२४ (इन्फा)' मा उनलाई उक्त सम्मान प्रदान गरिएको हो ।

लन्डनको ग्रिनफोर्ड हलमा आयोजित अवार्डमा अनमोल केसी र केकी अधिकारी सर्वोत्कृष्ट अभिनेता अभिनेत्री घोषित भए । अनमोलले फिल्म 'फर्की फर्की' र केसीले 'प्रसाद २' बाट अवार्ड प्राप्त गरेका हुन् ।

नेपाली चलचित्रको अन्तर्राष्ट्रिय बजार बिस्तार, कलाकर्मीलाई सम्मान गर्ने उद्देश्यले आयोजित कार्यक्रममा उपेन्द्र सुब्बाले निर्देशक, आकाश बरालले लेखन, अर्पण थापाले खलपात्र, राजेश श्रेष्ठले छायाङ्कन, सुरेन्द्र पौडेलले सम्पादकको रूपमा अवार्ड प्राप्त गरे । प्रकाश सपुत संगीतकार, कालीप्रसाद बास्कोटा पार्श्व गायक, समीक्षा अधिकारी पार्श्व गायिका र शिशिर खत्रीले निर्देशकको अवार्ड लिए । या वर्षको पपुलर अभिनेता दयाहाङ राई र पपुलर अभिनेत्री मिरुना मगर, सर्वोत्कृष्ट अभिनेता जुरीतर्फ प्रदीप खड्का र सुपला सापकोटा बने ।

नेपाली एसोसिएसन युकेको आयोजना रहेको अवार्डले अगामी वर्ष पनि निरन्तरता पाउने कार्यक्रम संयोजक मनिष कार्कीले बताए । अवार्डमा केकी अधिकारी, अनमोल केसी, जसिता गुरुङ, शिल्पा मास्के लगायतले नृत्य प्रस्तुत गरेका थिए ।

## 'घोर अन्याय भो'मा शिल्पा र नेत्रको रोमान्स

■ प्रभाव संवाददाता

**काठमाडौं–** गायक गोविन्द राईको स्वर रहेको गीत 'घोर अन्याय भो' सार्वजनिक भएको छ । गजल शैलीमा तयार प्रेमपिडा बोल्ने गीतमा लय संग्रौलाको शब्द तथा विकास चौधरीको संगीत छ । गीतको एरेन्ज संजय हमालले गरेका हुन् ।

गीतको भिडियोमा शिल्पा पोखरेल, नव प्रस्तुति नेत्र चौलागाईको प्रेम र रोमान्स देख्न सकिन्छ । भिडियोमा शिल्पाले नेत्रलाई प्रेममा धोका दिएर पुष्कर राउतसँग बिबाह गरेको देखाइएको छ । भिडियोमा शिल्पा र नेत्रको जोडी सुहाउँदोछ । भिडियोको निर्माण प्रज्ञा फिल्मस्ले गरेको हो । फिल्म तथा टेलिफिल्म निर्माण गर्दै आएको प्रज्ञा फिल्मस्ले अब निरन्तर भिडियो निर्माण गर्दै नव प्रतिभालाई अवसर दिने उदेश्य सहित भिडियो निर्माणमा हात बढाएको हो ।

मदन कस्यप घिमिरेको छायांकन, बन्दे प्रसादको सम्पादन रहेको भिडियोमा कोरियोग्राफी तथा निर्देशक सुरेश पाण्डेको रहेको छ ।

## 'पूर्णबहादुरको सारंगी'को 'काँधेकुरी' सार्वजनिक



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिल्म 'पूर्ण बहादुरको सारंगी'को गीत सार्वजनिक भएको छ । निर्माणपक्षले युट्युबमार्फत 'काँधेकुरी' बोलको गीत सार्वजनिक गरेको हो ।

सार्वजनिक गीतमा प्रशान्त शिवाकोटीको शब्द, संगीत र स्वर रहेको छ । गीत छोरो सहर जाँदै गरेको बस हेर्दै गरेको बिछोडको दृश्यबाट सुरु हुन्छ । छोरालाई पढ्न सहर पठाउँदाको वियोग चलचित्रका मुख्य पात्र विजय बरालको अनुहारमा देखिन्छ ।

त्यसपछि सुरु हुन्छ गीत, जसमा घरघरमा सारंगी रेट्दै गाउँदै पैसा संकलन गर्दै हिँडिरहेका छन् । गरिबको घरमा जन्मिएपछि पाउने दुःखको सेरोफेरोमा गीत केन्द्रित छ । बाउबाजेको पालादेखि नै माग्दै हिँड्नु परे पनि छोराले अब मागेर हिँड्नु नपरोस् भन्ने गीतले छोराको प्रगतिका लागि बुवाले गरेको दुःख र अपेक्षा बोलेको छ ।

शिक्षाबिनाको जिन्दगी रातजस्तै निष्पट्ट अँध्यारो रहेको भन्ने गीतले छोराको उज्जवल भविश्यका लागि बुवाले गर्ने संघर्षको कथा देखाएको छ ।

भिडियोमा विजयसँगै चलचित्रका अर्का मुख्य कलाकार प्रकाश सपूत फिचर्ड छन् । प्रकाशले गाउँ छोडेर सहर गएको, पढेको, गाउँ फर्किएर सारंगी बजाउन सिकेको दृश्य भिडियोमा छ । सरोज पौडेलको लेखन तथा निर्देशन रहेको चलचित्र कात्तिक १५ गते रिलिज हुनेछ । विजय बराल र प्रकाश सपूत सँगै मुकुन भुसाल, बुद्धि तामाङ, अञ्जना बराइली, माओत्से गुरुङ, देशभक्त खनाल, भोलाराज सापकोटा, विनोद न्यौपाने, अलिास बास्तोला, श्याम केसी, जानवी पौडेललगायतको अभिनय छ ।

चलचित्रको थिम पोस्टरले नै उत्सुकता जगाएको सिनेमाको टिजर सार्वजनिक भएपछि हाइप बढाएको छ । टिजरले नै प्रतिक्षित बनाएको चलचित्रको गीत पनि मर्मस्पर्शी रहेको छ । गीतले बुवा र छोराको सम्बन्धको कथालाई थप देखाउने प्रयास गरेको छ ।

सेभेन सिस सिनेमा र बासुरी फिल्मसको प्रस्तुति रहेको चलचित्रमा विनोद पौडेल र प्याट्रिक सुवेदी निर्माता हुन् । यो चलचित्रलाई नेपाल र अन्तर्राष्ट्रिय रूपमा सेभेन सिज इन्टरटेनमेन्टले वितरण गर्दै छ । सोसल-ड्रामा जनरा निर्माण भएको चलचित्रले गन्धर्व परिवारको कथामा आधारित रहेको छ ।

सिनेमाको पटकथा तथा संवाद महेश दवाडीले लेखेका छन् । विनोद र प्याट्रिकको लगानी रहेको सिनेमाका कार्यकारी निर्माता रमेश चौलागाईं, हरि श्रेष्ठ र रमेश ढकाल हुन् । सिनेमामा प्रशान्त सिवाकोटीको संगीत, हेमन्त कान्छा रसाइलीको सारंगी, प्रशान्त सिवाकोटी, मेलिना राई र पुष्पन प्रधानको स्वर रहेको छ ।

# रंगशाला

### एन्फा महिला लिग

## वालिङको तेस्रो जित, सुदूरपश्चिमको पाँचौं हार

■ प्रभाव संवाददाता

**काठमाडौं–** भायला नामुद्दुको ह्याट्रिकसँगै वालिङ नगरपालिकाले एन्फा महिला लिगमा तेस्रो जित हासिल गरेको छ ।

सातदोबाटोस्थित एन्फा कम्प्लेक्समा सोमबार भएको खेलमा सुदूरपश्चिम प्रदेशलाई ५-१ ले पराजित गरेको हो । जितसँगै वालिङले पाँच खेलबाट ९ अंक जोडेको छ । वालिङ तालिकाको पाँचौं स्थानमा छ । सुदूरपश्चिम भने अंकविहीन छ ।

वालिङका लागि भायलाले तीन गोल गर्दा ज्याकिलिन नस्साली र सुस्मा तामाङको नाममा समान एक गोल रह्यो । सुदूरपश्चिमकि ऋतिका कार्कीको गोल सान्त्वना रह्यो ।

पहिलो हाफमै भायलाले ह्याट्रिक पूरा गरेकी थिइन् । त्यसमा ज्याकिलिनले पनि एक गोल थप्दा पहिलो हाफमा वालिङले ४-० को फराकिलो अग्रता लिएको थियो । चारमध्ये तीन गोल पाँच मिनेटको अन्तरालमा भएको हो । ५०औं मिनेटमा सुस्माले वालिङको लागि गोल गरिन् ।

त्यसको १२ मिनेटपछि ऋतिकाले सुदूरपश्चिमका लागि वान भर्सेस वानमा गोल गर्दै खेल ५-१ मा पुऱ्याइन् । सुदूरपश्चिमले प्रतियोगितामा गरेको हो दोस्रो गल हो । यसअघि बागमती युथ क्लबसँग ५-१ को हार बेहोर्दा तुलसा बोहराले एक गोल फर्काएकी थिइन् ।



## माल्दिभ्समा पुलिसको दोस्रो जित

■ प्रभाव संवाददाता

**काठमाडौं–** विभागीय टोली नेपाल पुलिस क्लबले काभा महिला भलिबल क्लब च्याम्पियनसिपमा लगातार दोस्रो जित हासिल गरेको छ ।

माल्दिभ्सको मालेमा सोमबार भएको खेलमा श्रीलंकाको श्रीलंका एयर फोर्सलाई ३-० को सोझो सेटमा पराजित गरेको हो ।

पुलिसले पहिलो सेट २५-१६ ले जितेको थियो । दोस्रो सेट पनिमा श्रीलंकाले टक्कर दिएपनि पुलिसले पाँच अंकको अग्रता राख्दै २५-२० ले खेल आफ्नो पक्षमा पार्न सफल भयो ।

तेस्रो सेटमा पनि पुलिस १९-२१ ले पछि परेको थियो । तर, श्रीलंकालाई रोक्दै २५-२१ ले सेट जित्न सफल भयो ।

आइतबार भएको पहिलो खेलमा पुलिसले उज्बेकिस्तानको हुमो भलिबल क्लबलाई ३-० कै सोझो सेटमा पराजित गरेको थियो ।

जितसँगै पुलिसले ६ अंक जोडेको छ । श्रीलंकाले भने माल्दिभ्सकै क्लब वाम्कोसँग भएको खेलमा पहिलो खेल ३-१ को सेटमा गुमाएको थियो ।

## राजापुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
राजापुर बर्दिया

लुम्बिनी प्रदेश, नेपाल

### आन्तरिक आय तर्फको नदीजन्य पदार्थ संकलन/उत्खनन् तथा बिक्री शुल्क उठाउने ठेक्का बन्दोवस्त सम्बन्धी बोलपत्र आव्हानको सूचना

(दोश्रो पटक प्रकाशित मितिः २०८१/०६/०१ गते)

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६२ (क) र यस राजापुर नगरपालिकाको आर्थिक ऐन, २०८१ दफा १८ को व्यवस्था बमोजिम, तपसिलमा उल्लिखित नदिहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी प्रदेश सरकारले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मुल्य अभिवृद्धी कर दर्ता प्रमाणपत्र, आ.व. २०७९।०८० को कर चुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपहरु संलग्न गरी तपसिल वमोजिमका शर्तहरुको अधिनमा रही E-Bidding मार्फत अथवा निर्धारित समय भित्र बोलपत्र सम्बन्धी कागजात (Hardcopy) खरिद गरि बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि. नं. | सूचना नं./ बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन् परिणाम (घन फिट) | न्युनतम बोलपत्र रकम सेवाशुल्क र मु.अ.कर बाहेक) | धरौटी रकम (रु) | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|
| १. | 05/RM/NCB /GOODS/2081/082) | ढुंगा, गिट्टी, ग्रावेल,बालुवा उत्खनन् सङ्लन् तथा विक्री वितरण कर्णाली नदी (टिउनी बगर, मर्गहवा बगर, दौलतपुर बगर-१, दौलतपुर बगर-२, नंगापुर घाट, टेडिया घाट, लठवा घाट) | ३३,१५,६२१।४७ | २,६५,२४,९७१।७४ | कबोल अंकको ५ प्रतिशत | ५,००० (पाँच हजार रुपैया मात्र) |
| २ | 06/RM/NCB /GOODS/2081/082) | ढुगा, गिट्टी, ग्रावेल,बालुवा उत्खनन् सङकलन तथा विक्री वितरण गेरुवा नदी (लालपुरघाट, कोठियाघाट, ओराही बगर) | २६,२९,६४७।८० | २,१०,३७,१८२।४० | कबोल अंकको ५ प्रतिशत | ५,००० (पाँच हजार रुपैया मात्र) |

**शर्तहरुः**

फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७९/०८० को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, कारवाही वा कालोसूचीमा नपरेको स्वघोषण, अख्तियारनामा पत्र र व्यक्तिको हकमा नेपाली नगरिकताको प्रमाणपत्रको फोटोकपी र, वोलपत्र फाराम दस्तुर वापत नेपाल वैंक लिमिटेड, राजापुर शाखा, बर्दियामा रहेको यस कार्यालयको संचित कोष खाता नं. ०२८०३००००१००१००००१ मा नगद जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रकाशन भएको मितिले १५औं दिन (मिति २०८१/०६/१५ गते) कार्यालय समय भित्र बोलपत्र खरिद गरी १६औं दिन -मिति २०८१/०६/१६ गते) दिनको ठिक १२:०० बजे भित्र राजापुर नगरपालिकाको कार्यालयमा बोलपत्र सम्बन्धी कागजात (Hardcopy) पेश गरी सक्नु पर्नेछ । E–bidding मार्फत बोलपत्र पेश गर्न चाहने बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको वेव साइट www.bolpatra.gov.np/egp बाट पनि बोलपत्र download तथा upload गर्न सक्ने व्यवस्था गरिएको छ ।

१. बोलपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कवोल गरेको रकमको ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको नेपाल वैंक लिमिटेड, राजापुर शाखा, बर्दियामा रहेको धरौटी खाता.नं. ०२८०३००००३०००००००१ मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा बोलपत्र नं. र नाम उल्लेख गरी बोलपत्र दाखिला गर्ने अन्तिम दिन देखि १२० दिनको म्याद सहित जारी गरिएको विड वण्ड वोलपत्र साथ पेश गर्नु पर्नेछ ।

२. खरिद गरेको बोलपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी सिलबन्दी गरी खाम बाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण प्रोपराइटरको नाम, फोन नं, मोबाइल नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सूचना प्रकाशित भएको मितिले १६औं दिन (मिति २०८१/०६/१६ गते) दिनको १२.०० बजे भित्र electronically र Hard copy को सन्दर्भमा मिति २०८१/०६/१५ गते कार्यालय समय भित्र बोलपत्र खरिद गरी मिति २०८१/०६/१६ गते दिनको १२:०० बजे भित्र दर्ता गर्न सकिने छ ।

३. बोलपत्र सम्बन्धी अन्य थप केही कुराहरु बुझ्नु परेमा यस कार्यालयको फोन नं. ०८४-४६०१११, वा ०८४-४६००८९ तथा यस कार्यालयको ईमेल ठेगाना info@rajapurmun.gov.np मा सर्म्पक गर्न सकिनेछ ।

४. सूचनामा उल्लेख नभएका कुराहरु प्रचलित कानून बमोजिम हुनेछन् ।

***प्रमुख प्रशासकीय अधिकृत***



अफगानिस्तानको कान्दाहार प्रान्तको कपास खेतमा भर्खरै काटिएको कपास देखाउँदै दुई अफगानी बालक । *तस्बिरः सिन्हुवा*

# उत्तर कोरिया किएभका लागि 'सबैभन्दा ठूलो' खतरा : *युक्रेनी गुप्तचर प्रमुख*

**किएभ, युक्रेन-** उत्तर कोरियाले रूसलाई प्रदान गर्दै आएको ठूलो परिमाणको गोलाबारुदसहितको सैन्य सहायता युक्रेनका लागि सबैभन्दा हानिकारक रहेको युक्रेनी गुप्तचर प्रमुख किरिलो बुडानोभले शनिबार बताएका छन् ।

भिक्टर पिन्चुक फाउन्डेसनले किएभमा आयोजना गरेको सम्मेलनमा उनले रूसका अन्य सहयोगी इरान र चीनको समर्थनबारे सोधिएको प्रश्नको जवाफ दिँदै भने, 'रूसका सबै मित्रराष्ट्रमध्ये हाम्रो लागि सबैभन्दा ठूलो समस्या उत्तर कोरियाबाट आएको छ । उनीहरूले आपूर्ति गर्ने सैन्य उत्पादनहरूको मात्राले वास्तवमा युद्धको तीव्रतालाई असर गर्छ,' बुडानोभले भने ।

उत्तर कोरियाली नेता किम जोङ उनले उत्तर कोरिया भ्रमणका क्रममा सुरक्षा प्रमुख सेर्गेइ शोइगुसँगको वार्तामा रूससँग सम्बन्ध प्रगाढ बनाउने प्रतिबद्धता व्यक्त गरेका बेला युक्रेनी गुप्तचर प्रमुखले यस्तो टिप्पणी गरेका हुन् । किएभले प्योङयाङबाट मस्कोसम्म हतियार आपूर्तिको निगरानी गरिरहेको छ र युद्धभूमिमा यसको प्रभाव महसुस गरिरहेको छ ।

'यसको प्रत्यक्ष सम्बन्ध छ । रूसका सहयोगीहरूले ठूलो परिमाणमा तोपखाना र गोलाबारुद आपूर्ति गरिरहेका छन् । यो रूसका लागि आवश्यक र महत्त्वपूर्ण छ,' बुडानोभले भने । विदेशी सहायताबाहेक मस्कोले आफ्नो इस्कान्डर क्षेप्यास्त्रको विकास र उत्पादन वृद्धिसहित आफ्नै हतियारमा पनि लगानी गरिरहेको छ । बुडानोभले भने, 'हामीले अहिले स्पष्टरूपमा इस्कान्डर-एमको व्यापक प्रयोग देखिरहेका छौं ।'

'रूसको निर्देशित बम एक ठूलो समस्या हो । यसको उत्पादन धेरै गुणाले वृद्धि भएको छ,' बुडानोभले भने । हवाई बममा करिब आधा टन विष्फोटक पदार्थ राखिएको छ र यसलाई अझ टाढाबाट खसाल्न सकिन्छ, जसले गर्दा रुसी विमानहरू हवाई प्रतिरक्षाबाट जोगिन सक्छन् । निरन्तर रुसी आक्रमणको सामना गर्न, किएभले आफ्नै हतियार उत्पादनको विकाससँगै पश्चिमी सहयोग बढाउन आग्रह गरिरहेको छ ।

मस्कोसँग प्रत्यक्ष मुठभेड हुन नदिन पश्चिमा मित्रराष्ट्रहरूले युक्रेनलाई सहयोग बढाउन युद्धभरि हिचकिचाएका छन् । संयुक्त राज्य अमेरिका र बेलायतले अब युक्रेनलाई रूसको भित्री भागमा रहेका लक्ष्यहरूमा आक्रमण गर्न लामो दूरीका हतियारहरू प्रयोग गर्न दिने वा नदिनेबारे विचार गरिरहेका छन् । बुडानोभले भने, 'अब योभन्दा तनाव बढ्ने ठाउँ नै छैन । अवस्थालाई योभन्दा अझ खराब बनाउने केही बाँकी छैन ।'

बुडानोभका अनुसार रूसले सम्भावित आर्थिक समस्या, आंशिक रूपमा पश्चिमी प्रतिबन्ध र सैन्य परिचालनको नयाँ लहरको आवश्यकताका कारण सन् २०२६ अगावै युक्रेनसँगको युद्ध अन्त्य गर्ने प्रयास गर्ने छ । उनले रूससँगको लडाइँ जारी राख्ने प्रतिवद्धता व्यक्त गर्दै भने, 'हामी आफ्नो भूमिका लागि लडिरहेका छौं, हामीसँग लड्नुको अरू कुनै विकल्प छैन ।' *रासस⁄एएफपी*

# श्रीलंकामा वामपन्थी नेता दिसानायकाको राष्ट्रपतीय उम्मेदवारी र चर्चा




**कोलम्बो-** दुई वर्षअघि दुई करोड २० लाख जनसंख्या भएको श्रीलंकामा खाद्यान्न, इन्धन र औषधिको अभाव भएपछि चलेको आन्दोलनपछि हुन लागेको पहिलो आमनिर्वाचनमा अनुरा कुमारा दिसानायका र उनको जेभिपी भनिने पिपुल्स लिबरेसन फ्रन्टको लोकप्रियता बढेको छ ।

सेप्टेम्बर २१ मा हुने निर्वाचनमा राष्ट्रपति पदका प्रत्यासी दिसानायकाले संकटग्रस्त मुलुकको सामाजिक, राजनीतिक तथा आर्थिक क्रान्तिका लागि आफूलाई निर्वाचित गर्न शुभेच्छुक मतदातासँग आग्रह गरेका छन् । श्रीलंकाको मार्क्सवादी पार्टीले दुई चरणमा गरेका विद्रोहमा ८० हजारभन्दा बढी मानिसको ज्यान गएको थियो । विद्रोहबाट सत्ता कब्जा गर्न नसकेपछि शान्तिपूर्ण राजनीतिमा समाहित भएको जेभिपीका नेता तथा राष्ट्रपति पदका प्रत्यासी दिसानायका एक मजदुर परिवारबाट राजनीतिमा आएका हुन् ।

लामो समयदेखि स्थापित राजनीतिज्ञहरूबाट निराश पेशेवरहरूसँग गठबन्धन बनाएपछि राष्ट्रपतीय चुनावमा एक प्रबल दाबेदारका रूपमा ५५ वर्षीय दिसानायकाले सामाजिक रूपान्तरणका लागि युवाहरूको समृद्ध र भ्रष्टारामुक्त श्रीलंकाको आवाजलाई साथ दिने बताएका छन् । सन् २०२२ मा यस टापुको आर्थिक मन्दीका लागि भ्रष्टाचार, नातावाद र अक्षमताका लागि समाजवादी र दक्षिणपन्थी दुवै पुँजीवादी सरकारहरू जिम्मेवार रहेको उनको दाबी छ ।

बौद्ध धर्मावलम्बीको बाहुल्यता रहेको श्रीलंकाले बेलायती औपनिवेशिक शासनबाट सन् १९४८ मा स्वतन्त्रता प्राप्त गरेयताको यो सबैभन्दा खराब आर्थिक मन्दी हो । व्यापक आर्थिक मन्दीको असर सर्वसाधारण नागरिकसमेतको दैनिकीमा पर्न थालेपछि सुधारको मागसहित प्रदर्शनमा उत्रिएका प्रदर्शनकारीले तत्कालीन राष्ट्रपति गोटबाया राजपाक्षको सरकारी कार्यालयमा आक्रमण गरेपछि उनले देश छोड्न र राजीनामा दिन बाध्य भएका थिए ।

'श्रीलंकाको स्वतन्त्रतापछिको इतिहासमा पहिलोपटक, शासन केही भ्रष्ट कुलीन परिवारहरूको नियन्त्रणबाट जनताको सरकारमा सर्ने छ,' उनले निराश जनमानसलाई आशाको संकेत दिँदै आफ्नो राष्ट्रपतीय घोषणापत्रमा उल्लेख गरेका छन् ।

पूर्वकृषिमन्त्री दिसानायकाले प्रदर्शनकारीको पक्ष लिए पनि आफ्नो पार्टीका पूर्वसहयोगी राजपाक्षलाई सत्ताच्युत गर्न प्रत्यक्षरूपमा संलग्न भने भएका थिएनन् । सन् २०१४ मा जेभिपीको नेतृत्व सम्हाल्नेबित्तिकै दिसानायकाले फेरि हतियार नउठाउने र चुनावमार्फत सत्तामा आउने प्रतिबद्धता जनाएका थिए । उनले जेभिपीलाई हिंसात्मक अतीतबाट टाढा राख्न र व्यापक समर्थन प्राप्त गर्न राष्ट्रिय जनशक्ति (एनपिपी) गठबन्धन गठन गरेका छन् ।

'हामी श्रीलंकाका जनतालाई विश्वास दिलाउँछौं कि हामी फेरि कहिल्यै हतियार उठाउने छैनौं,' उनले सन् २०१५ मा जेभिपीको वेबसाइटमा प्रकाशित एक वक्तव्यमा उल्लेख गरेका छन् । उनले जेभिपीको वैचारिक परिवर्तनको संकेत गर्दै आफूहरू खुला अर्थतन्त्रमा विश्वास गर्ने र निजीकरणको पूर्णरूपमा विरोधी नभएको बताएका छन् ।

यद्यपि, उनको घोषणापत्रले घाटामा रहेका राज्य उद्यमहरूलाई बिक्री नगरी सुधार गर्ने प्रतिज्ञा गरेको छ । उनले निर्वाचन अभियानका क्रममा सम्बोधन गर्दै भने, 'हाम्रो बदनाम गर्ने अभियान चलिरहेको छ । विरोधीहरूले हामीविरुद्ध घरपालुवा जनावरसमेतलाई राष्ट्रियकरण गर्छन् भनी प्रचार गरेका छन् । हाम्रो अभियान आधुनिक अर्थतन्त्रको सुधार, भ्रष्टाचारमुक्त समाज र समृद्ध तथा सुखी नागरिकका लागि हो ।'

उनले भने, 'हामी निश्चितरूपमा किसानको समस्यामा सहयोग गर्ने कृषि क्षेत्रको सुधारका लागि सहकारी स्थापना गरी कृषि सामानका लागि बजारको व्यवस्था गर्नु हो ।'

उनले आफूहरूबारे फैलाइएका भ्रम चिर्दै भने, 'हामीले गरिब र दुःखी जनताको पक्षमा काम गर्ने छौं तर नागरिकको सम्पत्तिको राष्ट्रियकरण गर्ने बजारका हल्ला हाम्रो पक्षमा देखिएको जनमतबाट आत्तिएका र सत्ताको गुलियो चाखेका केही मुट्ठीभर शासकहरूले उनीहरूका एजेन्टमार्फत चलाएको अफवाह मात्र हो । हामी किसान र मजदुरका दुःखमा साथ दिने सत्ताको स्थापनार्थ लडिरहेका छौं । अब, यो धेरै टाढा छैन ।'

सन् १९८७ को भारतविरोधी अभियानपछि दिसानायका र उनको पार्टीले नयाँदिल्लीसँग सम्बन्ध सुधारेका छन्, तर उनलाई अझै पनि चीनसँग निकट रहेको बताउने गरिन्छ । रणनीतिक रूपमा पूर्व-पश्चिम समुद्री मार्गमा अवस्थित श्रीलंकामा चीन र भारतको मुख्य प्रभाव रहने गरेको र राष्ट्रिय नेताहरूलाई उनीहरूले आफ्नो निकट ल्याउने कोसिस गर्ने गरेको पाइएको छ । दिसानायकाले यस वर्ष नयाँ दिल्लीको भ्रमण गरी शीर्ष भारतीय राजनीतिज्ञहरूसँग भेटवार्ता गरेका थिए ।

पार्टीको पहिलो विद्रोह सन् १९७१ मा विश्वकै पहिलो महिला प्रधानमन्त्री सिरिमा बन्दरनाइकेको तत्कालीन समाजवादी सरकारविरुद्ध भएको थियो । यो लडाइँ छोटो थियो तर यसका कारण करिब २० मानिसको मृत्यु भएको थियो ।

जेभिपीको दोस्रो सशस्त्र संघर्ष सन् १९८७ मा छिमेकी भारतको मध्यस्थतामा भएको सम्झौताअन्तर्गत टापुका अल्पसंख्यक तमिलहरूलाई राजनीतिक शक्ति हस्तान्तरण गर्ने तत्कालीन सरकारको योजनाको विरोधमा भएको थियो । बहुसंख्यक सिंहली समुदायका सदस्य दिसानायका दोस्रो विद्रोहका बेला जेभिपीका सक्रिय विद्यार्थी नेता थिए र उनलाई भारतविरोधी हिंसात्मक अभियानसँग पनि जोडेको थियो ।

ठूलो संख्यामा मानिसहरू बेपत्ता भए र अनौपचारिक अनुमानअनुसार दोस्रो जेभिपी सशस्त्र संघर्षका क्रममा करिब ६० हजार व्यक्तिको मृत्यु भएको र हजारौं बेपत्ता भएका थिए । दुई सन्तानका विवाहित पिता दिसानायका सन् १९९५ मा विश्वविद्यालयबाट स्नातक गरेदेखि नै राष्ट्रिय राजनीतिमा सक्रिय छन् । *रासस⁄एएफपी*

## दमक नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
दमक, झापा
कोशी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत हुने आशयको सूचना

प्रकाशित मिति : २०८१/०६/०१

दमक नगरपालिकाद्धारा दमक अस्पतालका लागि मिति २०८१/०४/२७ गते प्रकाशित बोलपत्र सूचना ठेक्का नं. DMO/JHAPA/HOSPITAL/LAB/2081-82 मा पर्न आएका बोलपत्रहरूका सम्बन्धमा दमक नगरपालिकाको २०८१।०५।३१ गतेको निर्णयानुसार देहायको बोलपत्र न्यून मूल्यांकित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतिका लागि छनौट भएकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) र (३) बमोजिम स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित बोलपत्रदाताहरूको जानकारीका लागि यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

IFB NO. : DMO/JHAPA/HOSPITAL/LAB/2081-82

| सि.नं. | बोलपत्रदाताको नाम | स्लाईस | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|
| १ | बि.एस.आर. वायोटक प्रा.लि., काठमाडौं | स्लाईस नं. १ | ३२,७८,७५०।०० |
| २ | चामुण्डा ट्रेडिंग हाउस, काठमाडौं | स्लाईस नं. २ | ९,३०,०००।०० |
| ३ | इन्दु सर्जिकल एण्ड केमिकल सप्लायर्स, दमक | स्लाईस नं. ३ | १८,८४,५३०।०० |
| ४ | इन्दु सर्जिकल एण्ड केमिकल सप्लायर्स, दमक | स्लाईस नं. ४ | २१,६२,५००।०० |
| ५ | इन्दु सर्जिकल एण्ड केमिकल सप्लायर्स, दमक | स्लाईस नं. ५ | १७,२६,४५६।०० |

प्रमुख प्रशासकिय अधिकृत

## Chaudandigadhi Municipality
### Office Of Municipal Executive
Beltar, Udayapur
Koshi Province, Nepal

### Invitation for Electronic Bids

*Date of publication: 2081/06/01 (Sep 17, 2024)*

1. Chaudandigadhi Municipality Office invites electronic bids from Nepalese eligible bidders/ registered suppliers for following works:

Work Details:

| S.N. | Project Name and location | Bidding Type | Contract No. | Bid Security/ Bank Deposit | |
|---|---|---|---|---|---|
| | | | | Amount NRs. | Validity |
| 1 | Supply & delivery of various medicine in municipality office | NCB | 02/CGM/ NCB/081/082 | 1,10,000 | 2081/11/02 or Feb 14, 2025 |

2. Date and Time Details for S.N. 1; Contract No.: 01/CGM/NCB/081/082:

| Pre Bid Meeting Date & Time | Bid Purchasing Date & Time | Bid Submission Date & Time | Bid Opening Date & Time | Bid Document Cost NRs |
|---|---|---|---|---|
| At 1:00 pm on 2081/06/15 (Oct 01, 2024) | 2081/06/30 (Oct. 16, 2024), Office Hours | On or before 12:00pm on 2081/07/01 (Oct. 17, 2024) | At 2:00 pm on 2081/07/01 (Oct. 17, 2024) | 3,000 |

3. Bank and Contact Details:

| Office Address | Rajaswo Account No. For Bid Document Fee | Dharauti Account No. For Bid Security |
|---|---|---|
| **Beltar, Udayapur 035-440247.** Er Santosh Rai (9851203678) Himal Poudel (9842934887) | Account No.: **2370100301010002** Name: **CHAUDANDIGADHI NA.PA. (GA-1-1)- AANTA** **Revenue Code No.: 14229** Bank Name: **Rastriya Banijja Bank, Beltar Branch** | **Account No.: 2370100303000002** **Name: CHAUDANDIGADHI NA.PA.(GA-3)- DHARAUT** Bank Name: **Rastriya Banijya Bank, Beltar Branch** |

**Chief Administrative Officer**


## कतारमा रोजगार

कम्पनी : NEW PANOOR TRADING CO

पूर्व स्वीकृति मिति २०८०/११/१७ | पुन विज्ञापन स्वीकृति मितिः २०८१/०५/३१ | LT. No. 300814 | चलानी नं. ६०२१५७२८

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant Gen | 1 | 0 | 3600 | १३१,३४० | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Cashier | 1 | 0 | 1400 | ५१,०७५ | | | | | | | |
| 3 | Chef Or Cook | 1 | 0 | 1500 | ५४,७२५ | | | | | | | |
| 4 | Driver | 1 | 0 | 1400 | ५१,०७५ | | | | | | | |
| 5 | Electric Manager | 1 | 0 | 6300 | २२९,८२५ | | | | | | | |
| 6 | Electrician | 1 | 0 | 1100 | ४०,१३० | | | | | | | |
| 7 | General Clean Worker | 3 | 0 | 1000 | ३६,४८५ | | | | | | | |
| 8 | Purchase Manager | 1 | 0 | 6300 | २२९,८२५ | | | | | | | |
| 9 | Salesman | 4 | 0 | 1400 | ५१,०७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज ८ गते (24th Sep. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने⁄रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८⁄– कामदारले तिर्ने | रु.७००⁄– कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

JALAJALA RECRUITMENT PVT.LTD

श्रम ईजाजत नं. १२२४⁄०७४⁄०७५

Samakhusi-29, Kathmandu, BAGMATI. Tel: 014950900, 014950257, E-mail: jalajalarecru2017@gmail.com

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १५७३०० | प्रति तोला - - | प्रति तोला - १९१५ |

## ‘समृद्धिका लागि उद्योगीसँग हातेमालो गर्न तयार’

**काभ्रेपलाञ्चोक (प्रस)–** उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले आर्थिक समृद्धि हासिल गर्न सरकार उद्योगी व्यवसायीसँग हातेमालो गर्न तयार रहेको बताएका छन् ।

नेपाल इँट्टा उद्योग महासङ्घको १६औं साधारणसभा उद्घाटन समारोहलाई धुलिखेलमा सम्बोधन गर्दै उनले जलवायु परिवर्तनका प्रभाव न्यूनीकरण गर्न इँटा उद्योगलाई प्रविधिमैत्री बनाउनुपर्नेमा जोड दिए । ‘सरकार व्यवसायीसँग हातेमालो गर्दै आर्थिक समृद्धितर्फ उन्मुख हुने अभियान छ । व्यवसायीले पनि सहकार्य गर्ने सोच बनाउनुस्, सरकार तयार छ’, मन्त्री भण्डारीले भने । उनले व्यवसायीले सरकारलाई विरोधीको आँखाले नहेर्न आग्रह गरे । उनले भने, ‘राष्ट्र सफल बने मेरो पनि व्यवसाय सफल हुन्छ भन्ने व्यवसायीले सोच्नुपर्‍यो ।’

मन्त्री भण्डारीले व्यवसाय तथा उद्योगमा यथास्थितिकै चुनौति देखिएको उल्लेख गर्दै यसलाई सरकार र व्यवसायी दुवै पक्ष मिलेर सामना गर्नुपर्ने बताए । आफ्नो मन्त्रालयको ‘मन्दीदेखि समृद्धि’ सम्मको अभियानलाई व्यवसायीले पूर्ण साथ दिनुपर्ने उनको धारणा थियो । मन्त्री भण्डारीले देशको आयात र निर्यातको चुनौती समाना गर्न ‘मन्त्रालय-व्यवसायी’ बीच को दूरी कम गर्नुपर्ने आवश्यकता औँल्याए । उनले मन्त्रालयले उद्योग, व्यवसायसम्बन्धी अध्ययन कार्यदल बनाएकाले कार्यदलको प्रतिवेदनअनुसार व्यावसायिक सुदृढीकरणबारे छिट्टै योजना ल्याइने जानकारी दिए ।

# ‘लगानी फिर्ताका लागि पहल गर्नूस्’

■ प्रभाव संवाददाता

**काठमाडौं–** उपप्रधान एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले लगानी फिर्ताका लागि सार्थक पहल गर्न कर्मचारी सञ्चय कोषलाई निर्देशन दिएका छन् । कोषको ६३औं वार्षिकोत्सवका अवसरमा आयोजित कार्यक्रममा उनले लगानी गरेर चित्त बुझाउने मात्रै नभई सुक्ष्म निगरानी र कोषको हित प्रभावित नहोस् भन्नेतर्फ सचेत हुनुपर्नेमा जोड दिए ।

‘सरकारको ‘जमानी’ मा लगानी गर्ने अवसर पाउनुभयो, कुनै संस्थामा २७ अर्बभन्दा बढी लगानी उठ्न बाँकी छ । सरकार जमानी बसेको छ भनेर ढुक्क भएर बस्नु हुन्छ कि लगानी उठाउनका पहल गर्नुहुन्छ ?’, अर्थमन्त्री पौडेलले प्रश्न गरे, ‘लगानीले कस्तो प्रतिफल दिएको छ भन्नेलाई सुक्ष्म ढंगले हेर्नुपर्छ । बढीभन्दा बढी प्रतिफल सुनिश्चित गर्ने र सञ्चयकर्ताले अधिकतम् लाभ प्राप्त गर्नेतर्फ ध्यान दिनुपर्छ ।’

अधिकतम प्रतिफल सुनिश्चित हुनेगरी लगानी गर्न सक्नुपर्नेमा जोड दिँदै उनले लगानीका दायरा विस्तार गरेर जानुपर्ने बताए । ‘अहिले लगानी गरिरहेको क्षेत्रमा खुम्चिएर बस्ने कि दायरा अझ विस्तारित गर्ने ?’, उनले भने ।

औसत गतिमा काम तथा दैनिक कार्यसम्पादनमा मात्रै सीमित नहुन आग्रह गर्दै अर्थमन्त्री पौडेलले सञ्चयकर्ताको भरोसा संरक्षण, सञ्चयको संरक्षण र कोषमा जम्मा भएको प्रतिफललाई विस्तरित र सञ्चयकर्तालाई अधितम लाभान्वित दिनेबारेमा सोच्नुपर्ने बताए । सरकार जीवनचक्रमा आधारित समाजिक सुरक्षाको अवधारणामा जान खोजिरहेको उल्लेख गर्दै उनले सामाजिक सुरक्षाको प्रबन्धलाई आफ्नो अभिभारा मानेको र यसको कार्यान्वनमा कोष महत्वपूर्ण साधन भएको बताए ।

कोषका प्रशासक जितेन्द्र धितालले छ दशक लामो अनुभव, अन्तर्राष्ट्रिय असल अभ्यासको अनुसरण, सूचना प्रविधिमा आधारित कार्य प्रणाली, आधुनिक बैंकिङ सञ्जालको उपयोग, छरितो व्यवस्थापन प्रणालीको अवलम्बनमार्फत सेवा प्रवाहलाई अत्याधुनिक बनाउँदै लगिएको बताए ।

**कोषमा पौने छ लाख योगदानकर्ता आबद्ध**

विसं २०१९ भदौ ३१ गते स्थापना भएको कोषमा ३३ हजार छ सय कार्यालयका पाँच लाख ७५ हजार योगदानकर्ता आबद्ध छन् । यस्तै निवृत्तभरण कोषअन्तर्गत तीन हजार आठ सय कार्यालयका ८० हजार चार सय योगदानकर्ता कोषमा सूचीकृत भएका छन् ।

कोषले सञ्चयकर्तालाई स्वास्थ्य उपचार, सुत्केरी तथा शिशु स्याहार, दुर्घटना क्षतिपूर्ति र काजकिरिया अनुदान योजनाअन्तर्गत आर्थिक सुविधा उपलब्ध गराउँदै आएको छ । कोषले सञ्चयकर्ता वा निजको पति वा पत्नीको उपचार खर्चमध्ये साधारण रोगतर्फ प्रत्येक आर्थिक वर्षमा अधिकतम रु एक लाख र घाट रोगको उपचारका हकमा सेवा अवधिभर अधिकतम रु १० लाखसम्म शोधभर्ना गर्दै आएको छ ।

योगदानकर्तालाई दुई पटकका लागि प्रतिप्रसूति रु सात हजार पाँच सय सुत्केरी तथा शिशु स्याहार खर्च, सञ्चयकर्ता वा निजको हकवालालाई रु दुई लाखको दुर्घटना क्षतिपूर्ति र हकवालालाई रु ४० हजार काजकिरिया खर्च पनि उपलब्ध गराइरहेको छ । कोषले सञ्चयकर्तालाई ९० प्रतिशतसम्म विशेष सापटी, रु एक करोडसम्म घर, रु ४० लाखसम्म शैक्षिक, रु ३० लाख घर मर्मत, रु ४० लाखसम्म सरल र रु एक करोडसम्म जग्गा खरिद सापटी प्रदान गर्दै आइरहेको छ ।

आव २०८०/०८१ मा सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत २६ हजारभन्दा बढी सञ्चयकर्ता/हकवालालाई करिब रु ५४ करोड २५ लाख सुविधा उपलब्ध गराइएको कोषले जनाएको छ ।

कोषले गत असार मसान्तसम्म ४१ हजार छ सय ७० योगदानकर्तालाई घर सापटी, दुई हजार आठ सय ३१ जनालाई घरमर्मत, दुई हजार पाँच सय ७० जनालाई शैक्षिक, छ हजार एक सय २१ जनालाई सरल, छ सय ७३ जनालाई जग्गा खरिद सापटी प्रवाह गरेको छ । कोषले एक हजार एक सय ७२ मेगावट विद्युत् उत्पादनका लागि विभिन्न १० परियोजनामा करिब रु ६८ अर्ब र पूर्वाधार क्षेत्रका विभिन्न परियोजनामा रु २९ अर्ब गरी रु ९७ अर्ब प्रवाह तथा २३ कम्पनीमा रु १२ अर्ब शेयर लगानी गरेको छ ।

## कर्पोरेट

### रिलायन्स फाइनान्स र हाई ग्राउन्डबीच सम्झौता




**काठमाडौं (प्रस)–** रिलायन्स फाइनान्स र हाई ग्राउन्ड एड्भेन्चर नेपाल प्रालिबीच छुटसम्बन्धी सम्झौता भएको छ । सम्झौताअनुसार फाइनान्सका ग्राहकले हाई ग्राउन्डमा जिप फ्लायर, बन्जी, स्काई स्क्रिमर आदि सेवामा १५ प्रतिशत छुट पाउनेछन् ।

नेपाल राष्ट्र बैंकबाट ‘ग’ वर्गको वित्तीय कारोबार गर्ने संस्थाले केन्द्रीय कार्यालय कमलादीबाट कारोबार सुरु गर्दै आएको यस संस्थाले न्यूरोड, सितापाईला, ईमाडोल ललितपुर, नारायणघाट चितवन, महेन्द्रपुल पोखरा कास्की, वेशीशहर लमजुंग, बनेपा काभ्रेपलाञ्चोक, आरुघाट गोरखा, चारआली झापामा, गोरखा बजार गोरखा, भैरहवा रूपन्देही, मणीग्राम रूपन्देही, बुटवल रूपन्देही, धनगढी कैलाली, महेन्द्रनगर कन्चनपुर, कोहलपुर बाँके, अत्तरीया कैलाली, दमक झापा, विर्तामोड झापा, धुलाबारी झापा, र टाँडी चितवनमा शाखा कार्यालय गरि जम्मा २१ वटा शाखा कार्यालय खोली कारोबार गर्दै आएको छ ।

‘वित्तीय सेवाको अर्को परिभाषा’ भन्ने नाराका साथ संस्थाका ग्राहकहरूलाई सहज तथा सर्व सुलभ तरिकाले विभिन्न शिर्षकहरूमा कर्जा प्रदान गर्नुका साथै विभिन्न निक्षेप योजना लागु गरि आकर्षक व्याज प्रदान गर्दै निक्षेप संकलन गर्दै आएको छ । संस्थाले निक्षेप तथा कर्जाका अतिरिक्त सेवाग्राहीहरूलाई एससिटी नेटवर्क एटीएम, विभिन्न रेमिटेन्स सेवाहरू, सी-आस्वा, आईपीएस, एबीबीएस सेवा, एसएमएस बैंकिङ, मोबाइल बैंकिङ, क्यूआर टेलर समेतका सेवा प्रदान गर्दै आएको छ ।

### सिद्धार्थ बैंकद्वारा शिक्षण अस्पताललाई टेबल हस्तान्तरण




**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडले गण्डकी प्रदेश, कास्की जिल्लामा अवस्थित पोखरा विश्वविद्यालय शिक्षण अस्पताललाई अपरेशन थिएटर टेबल हस्तान्तरण गरेको छ । उक्त टेबल बैंकका संचालक समितिका अध्यक्ष मनोज कुमार केडियाले विश्वविद्यालयका रजिस्ट्रार प्रा.डा. दीपक बहादुर भण्डारीलाई एक कार्यक्रमका बीच हस्तान्तरण गरेका छन् । उक्त कार्यक्रममा बैंकको तर्फबाट बैंकका संचालक समितिका अध्यक्ष मनोज कुमार केडिया, संचालक समितिका सदस्य दिनेश शंकर पालिखे, बैंकका प्रमुख कार्यकारी अधिकृत सुन्दर प्रसाद कडेललगायतको उपस्थिति रहेको थियो । त्यसैगरी, कार्यक्रममा पोखरा विश्वविद्यालय शिक्षण अस्पतालाका निर्देशक डा. दिपेन्द्र कुमार यादवलगायतको पनि उपस्थिति रहेको थियो ।

यस सहयोगले बिरामीहरूले उच्च स्तरीय उपचार सेवा पाउनेछन् भन्ने विश्वास बैंकले लिँदै आगामी दिनहरूमा पनि यस्ता सामाजिक कार्यहरूलाई सधैं आफ्नो उच्च प्राथमिकतामा राखी निरन्तरता दिँदै जाने उद्देश्य बैंकको रहेको छ ।

### ‘मिनिमी बेबी प्यान्ट’ नेपाली बजारमा




**काठमाडौं (प्रस)–** सफ्टी हाइजिन प्रा.लि.ले यूके को ब्राण्ड ‘मिनिमी बेबी प्यान्ट (डाईपर)’ नेपाली बजारमा लिएर आएको छ । यो बेबी पेन्टको वरिष्ठ हास्य कलाकार मदनकृष्ण श्रेष्ठले राजधानीको हायात प्लेस होटलमामा लञ्च गरे ।

उक्त कार्यक्रममा सफ्टी हाइजिन प्रा.लि.की ब्राण्ड एम्बासडर बर्षा शिवाकोटी, मिनिमी ब्राण्ड पार्टनर कंचन निरौला, राष्ट्रिय फुटबल टिमका कप्तान किरण चेम्जोङ तथा नेपालका चर्चित कलाकारहरूको उपस्थिती रहेको थियो । उच्च गुणस्तरको यो बेबी पेन्ट स्मल, मेडियम, लार्ज र एक्ट्रालार्ज गरि चार साइजमा उपलब्ध छ । यसको बिक्रि कम्पनीको ५१ वटा अधिकृत बिक्रेताहरू तथा भाटभटेनी सुपरमार्केट मार्फत सुरु भएको छ । यो बेबी पेन्टमा थ्रि डि एवजर्वेण्ट कोर भएको, सुपर सफ्ट, ब्रिदेबल मटेरियल, डबल लिक गार्ड र डिस्पोजल टेप रहेका छन् जसलाई उच्च गुणस्तरको मानिन्छ । नेपाली उपभोक्ताको मागलाई मध्यनजर गर्दै कम्पनीले यो प्रिमियम बेबी पेन्ट बजारमा ल्याएको हो जुन नेपाली बजारमा पाईने बेबी पेन्टहरू भन्दा गुणस्तरमा माथी रहेको कम्पनीको दावी छ ।

### कुमारी बैंकद्वारा १० लाख रूपैयाँको बिमा रकम भुक्तानी



**काठमाडौं (प्रस)–** कुमारी बैंक लिमिटेडले परिवार सुरक्षा बचत खाता योजना अन्तर्गत खाताका हकवालालई १० लाख रूपैयाँको दुर्घटना बिमा रकम भुक्तानी गरेको छ ।

भरतपुर म.न.पा. वडा नं. २, चितवन निवासी निज खाता धारक सुस्मा श्रेष्ठको दुर्घटनामा परि मृत्यु भए पश्चात उनका श्रीमान ईन्द्र नारायण श्रेष्ठलाई बिमा वापतको १० लाख रकम हस्तान्तरण गरिएको थियो । उक्त रकम कुमारी बैंक लिमिटेडको पोखरा बसपार्क शाखाबाट हस्तान्तरण गरिएको थियो । सानिमा जिआईसि इन्स्योरेनस लि.बाट बिमा दावी रकम प्राप्त भएपश्चात कुमारी बैंक लिमिटेड मार्फत सो रकम भुक्तानी गरिएको थियो । कुमारी बैंकले कुमारी परिवार सुरक्षा बचत खातामा आकर्षक बिमा सुविधा उपलब्ध गराउँदै आएको छ । यस खातामा खातावाला सहित परिवारका चार जना सदस्यहरूले २६ लाख रूपैयाँ सम्मको बिमा सुविधा प्राप्त गर्न सकिन्छ । सो खातामा आकस्मिक दुर्घटना, मृत्यु, पुर्ण शारीरिक अशक्तता, चिकित्सा उपचार र घातक रोगहरूका लागि बिमा सुविधा प्रदान गरिन्छ । कुमारी बैंकले विगत ५ वर्ष देखि ग्राहकहरूको सुविधाका लागि परिवार सुरक्षा बचत खाता योजना मार्फत बिमा लगायत अन्य उत्कृष्ट सुविधा प्रदान गर्दै आएको छ । विगत २३ वर्ष देखि निरन्तर बैंकिंग सेवा दिदै आएको कुमारी बैंकले आफ्ना देशभर रहेका ३०२ शाखा सञ्जाल, ३१८ एटिएम, ५० एक्सटेन्सन काउन्टर तथा ५७ शाखारहित बैंकिंग ईकाईहरू मार्फत आफ्ना ग्राहकवर्गलाई अत्याधुनिक तथा प्रभावकारी सेवाहरू प्रदान गर्दै आइरहेको छ र आगामी दिनहरूमा पनि अझ सरल, सुलभ तथा उत्कृष्ट सेवाका निमित्त सहकार्यहरू गर्दै जाने प्रतिबद्धता जनाएको छ ।

## नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्च मधेस च्याप्टर गठन



■ प्रभाव संवाददाता

**काठमाडौं–** नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चले मधेश प्रदेश गठन गरेको छ । प्रदेश च्याप्टरको वीरगन्जमा आयोजित विशेष समारोहमा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले प्रदेश च्याप्टरको शुभारम्भ गर्दै प्रदेश सरकार उद्यमीलाई प्रोत्साहन गर्न प्रतिबद्ध रहेको बताए ।

उनले उद्यमशीलताको प्रबर्द्धन गर्न कोष बनाएको भन्दै मुलुकभित्र रोजगारी सिर्जना गर्न उद्यमशीलताको प्रबर्द्धन गर्न आवश्यक रहेको बताए । रोजगारीको अभावमा युवाहरू विदेशिएको अवस्थामा देशभित्रै केही गर्नुपर्छ भन्ने भावनाका साथ युवा उद्यमीहरूलाई संगठित गर्ने कार्यका लागि नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चलाई धन्यवाद समेत दिए । उनले प्रदेशसँगै समग्र मुलुकको आर्थिक विकासका लागि निजी क्षेत्रसँग मिलेर अगाडि बढिरहेको समेत बताए ।

नेपाल उद्योग परिसंघका अध्यक्ष राजेशकुमार अग्रवालले युवा उद्यमीहरूलाई देशमै केही गर्न सकिन्छ, विदेश जान आवश्यक छैन भन्ने स्थापित गर्न युवाहरूलाई नीतिबाटै सहजिकरण, प्रोत्साहन गर्न आवश्यक रहेको बताए । देशमा रोजगारी बढाउन, औद्योगिकरणको विकास गर्दै समग्र आर्थिक विकासका लागि युवा उद्यमीहरूलाई प्रोत्साहन, प्रेरणा, हौसला दिन आवश्यक रहेकोमा समेत उनले जोड दिए । ‘विदेशमा अध्ययन गरेर आफ्नै देशमा केही गर्नुपर्छ भनेर आउने युवाहरूको पनि संख्या ठूलो छ । उनीहरूलाई देशमै उद्यम विकासका लागि हौसला प्रदान गर्न आवश्यक छ’, उनले भने, ‘यसका लागि स्थानीय, प्रदेश एवं संघीय सरकारले नीतिगत रूपमा सहजीकरण गर्नुपर्छ ।’ नेपाल उद्योग परिसंघ मधेश प्रदेशका अध्यक्ष प्रमोद साहले कानुनी एवं नीतिबाटै युवा उद्यमीहरूलाई प्रोत्साहन गर्नुपर्नेमा जोड दिए । नेपाल उद्योग परिसंघ युवा उद्यमी मञ्चका अध्यक्ष आशिष अग्रवालले मधेश प्रदेशको आर्थिक विकासले देशलाई नै समृद्धि दिन सक्ने बताए ।

## तल्लो अरूण आयोजनाबाट प्रभावितका लागि मुआब्जा दिइने

**किमाथांका (प्रस)–** संखुवासभाको खाँदबारी नगरपालिकामा निर्माण हुन लागेको छ सय ६९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजनाबाट प्रभावितका लागि रु एक अर्ब ४० करोड मुआब्जा वितरण गर्नेभएको छ ।

छ सय ६९ मेगावाट क्षमताको तल्लो अरुण आयोजनाले दुई सय ६८ घरपरिवार प्रत्यक्ष रूपमा प्रभावित रु एक अर्ब ४० करोड मुआब्जा वितरण गर्ने सतलज कम्पनीले जनाएको छ । तल्लो अरुण जलविद्युत् आयोजनाबाट दुई सय ६८ परिवार प्रत्यक्ष रूपमा प्रभावित हुने सतलज कम्पनीका सिइओ अरुण धिमानले बताए ।

कूल छ सय ६९ मेगावाट क्षमताको तल्लो अरुण परियोजना संखुवासभाको चिचिला गाउँपालिका र खाँदबारी नगरपालिकामा मुख्य संरचना रहनेगरी निर्माण हुनेछ । आयोजनाबाट संखुवासभाको चिचिला गाउँपालिका, खाँदबारी नगरपालिका तथा भोजपुरको साल्पासिलिछो गाउँपालिका-१ र षडानन्द नगरपालिका प्रभावित हुने आयोजनाले जनाएको छ ।

सरकारले तल्लो अरुण जलविद्युत् आयोजना भारतीय कम्पनीलाई दिने निर्णय गरेको थियो । छ सय ७९ मेगावाट क्षमताको तल्लो अरुण जलविद्युत् आयोजना सतलज विद्युत् निगम (एसजेभीएन) लाई दिने निर्णय भएको थियो । हाल भारतीय कम्पनी सतलज विद्युत् निगमले अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको छ । नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् उत्पादनपछि खेर गएको पानीबाट खाँदबारी नगरपालिका-२ चेवाबेसीमा करिब १७.४ किलोमिटर सुरुङ मार्गबाट पानी ल्याएर तल्लो अरुण आयोजना निर्माण गर्न लागिएको हो ।

निर्माण कम्पनी भारतको सतलजले प्रस्ताव गरेको तल्लो अरुण जलविद्युत् आयोजना पुनःवास तथा पुनःस्थापनाको मस्यौदा प्रतिवेदनअनुसार उक्त आयोजना निर्माणका लागि करिब ६५ हेक्टर जमिन अधिग्रहण गरिने आयोजनाले जनाएको छ । यसबाहेक वन क्षेत्र ७० हेक्टर र सरकारी जग्गा छ हेक्टर अधिग्रहण हुने सतलज कम्पनीले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि::arketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ